नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
(कानुन तथा फैसला कार्यान्वयन शाखा)

पो.ब.नं. : ३९८७
सिंहदरवार, काठमाडौं

पत्र संख्या :
चलानी नं. :

मिति: २०८३/०५/२६

विषयः राय सुझाव उपलब्ध गराउने सम्बन्धमा।

श्री सरोकारवाला सबै ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयले सशस्त्र वन रक्षक सेवा नियमावली, २०८३ को तर्जुमा गरी सो मस्यौदाउपर परामर्श माग गर्न सरोकारवाला तथा सर्वसाधारणको रायका लागि यस मन्त्रालयको वेबसाइटमा सूचना प्रकाशन गर्ने निर्णय बमोजिम उक्त मस्यौदा यसैसाथ संलग्न गरिएको छ। प्रस्तुत मस्यौदा अध्ययन गरी ७ (सात) दिनभित्र यस मन्त्रालयको इमेल ठेगाना info@mofe.gov.np मा राय सुझाव उपलब्ध गराइ दिनुहुन हुन अनुरोध छ।

२०८३।५।२६

(सलिना अर्याल)
कानुन अधिकृत

फोन नं. :- ४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४, फ्याक्स नं. :- ४२११८६८

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

# सशस्त्र वन रक्षक सेवा नियमावली, २०८३ (प्रस्तावित मस्यौदा)

वन ऐन, २०७६ को दफा ८३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "सशस्त्र वन रक्षक सेवा नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अमर सशस्त्र वन रक्षक" भन्नाले वन सुरक्षार्थ मुठभेडमा भएको आक्रमण तथा चुनौतीपूर्ण काममा खटिएको समयमा कुनै दुर्घटनामा परी वा कर्तव्य पालनको सिलसिलामा सहादत प्राप्त सशस्त्र वन रक्षक सम्झनुपर्छ।

(ख) "अशक्त सशस्त्र वन रक्षक" भन्नाले आफ्नो पदको कर्तव्य पालना गर्दा वा तालिमको सिलसिलामा दुर्घटनामा परी वा आघातमा परी अङ्गभङ्ग भई वा चोटपटक लागि शारीरिक वा मानसिक रूपमा सशस्त्र वन रक्षक सेवामा बहाल रहन अशक्त रहेका सशस्त्र वन रक्षकलाई सम्झनुपर्छ।

(ग) "ऐन" भन्नाले वन ऐन, २०७६ सम्झनुपर्छ।

(घ) "परिवार" भन्नाले सशस्त्र वन रक्षकसँग बस्ने तथा निज आफैले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनुपर्छ र सो शब्दले पुरुष र अविवाहिता महिला सशस्त्र वन रक्षकको हकमा निजको बाजे, बज्यै तथा विवाहिता महिला सशस्त्र वन रक्षकको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ।

(ङ) "बढुवा समिति" भन्नाले नियम ३२ बमोजिमको बढुवा समिति सम्झनुपर्छ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकारको वन विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(छ) "महानिर्देशक" भन्नाले वन विभागको महानिर्देशक सम्झनुपर्छ।

(ज) "विभाग" भन्नाले वन विभाग सम्झनुपर्छ।

(झ) "सचिव" भन्नाले नेपाल सरकारको वन तथा वातावरण विषय हेर्ने मन्त्रालयको सचिव सम्झनुपर्छ।

(ञ) "सशस्त्र वन रक्षक गुल्म" भन्नाले सशस्त्र वन रक्षकलाई एकभन्दा बढी जिल्लाका तोकिएको वन क्षेत्रको सुरक्षा हेर्ने गरी गठन गरिएको सशस्त्र वन रक्षकको गुल्मलाई सम्झनुपर्छ।

(ट) "सशस्त्र वन रक्षक शाखा प्रमुख" भन्नाले सशस्त्र वन सुरक्षा शाखाको प्रमुख सम्झनुपर्छ।



सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| १ | सशस्त्र वन रक्षक सिपाही | १००% | | |
| २ | सशस्त्र वन रक्षक अमलदार | | १००% | |
| ३ | सशस्त्र वन रक्षक हवल्दार | | १००% | |
| ४ | सशस्त्र वन रक्षक जमदार | | १००% | |
| ५ | सशस्त्र वन रक्षक सुबेदार | | १००% | |
| ६ | सशस्त्र वन रक्षक प्रमुख सुबेदार | | १००% | |
| ७ | सशस्त्र वन रक्षक सहायक सेनानी | ४०% | ३०% | ३०% |
| ८ | सशस्त्र वन रक्षक उपसेनानी | | १००% | |
| ९ | सशस्त्र वन रक्षक सहसेनानी | | १००% | |
| १० | सशस्त्र वन रक्षक सेनानी | | १००% | |
| ११ | सशस्त्र वन रक्षक प्रमुख सेनानी | | १००% | |

(२) उपनियम (१) को खण्ड (त) बमोजिम सशस्त्र वन रक्षक सहायक सेनानी पदमा आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति गर्न छुट्याइएको पदमा आन्तरिक प्रतियोगिताको लागि योग्य उम्मेदवार उपलब्ध हुन नसकेमा वा आन्तरिक प्रतियोगिताबाट पूर्ति हुन नसकेमा त्यस्तो पद सोही वर्षको खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा पचास प्रतिशत र बढुवाद्वारा पचास प्रतिशत समावेश गरी पदपूर्ति गरिनेछ।

(३) सशस्त्र वन रक्षक सेवालाई समावेशी बनाउन उपनियम (१) बमोजिम खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालिस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारहरूका बिचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछः-

(क) महिला - बिस प्रतिशत

(ख) आदिवासी/जनजाति - बत्तिस प्रतिशत

(ग) मधेसी - अठ्ठाइस प्रतिशत

(घ) दलित - पन्ध्र प्रतिशत

(ङ) पिछडिएको क्षेत्र - पाँच प्रतिशत

कुनै शारीरिक चोटपटक लागी सोही कारणबाट शारीरिक रूपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका सशस्त्र वन रक्षकको यस नियमावली बमोजिमको आवश्यक योग्यता पुगेका निजहरूका सन्तती मध्येबाट प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ। यसरी पदपूर्ति गर्न छुट्याइएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उम्मेदवार उपलब्ध हुन नसकेमा वा पदपूर्ति हुन नसकेमा पूर्ति हुन नसकेको पदसंख्या सोही वर्षको सोही विज्ञापनमा खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी उम्मेदवारको छनौट गरिनेछ।

(६) उपनियम (१) बमोजिम खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा लोक सेवा आयोगको सिफारिसको आधारमा तथा आन्तरिक बढुवाद्वारा पूर्ति हुने पदमा बढुवा समितिको सिफारिसको आधारमा पूर्ति गरिनेछ।

(७) यस नियम बमोजिम सशस्त्र वन रक्षक सेवाका विभिन्न पदमा पदपूर्तिको लागि लोक सेवा आयोगले पदसंख्या निर्धारण गर्नेछ।

६. <u>सशस्त्र वन रक्षक सेवाको सञ्चालन, रेखदेख, नियन्त्रण र निर्देशन:</u> (१) सशस्त्र वन रक्षकलाई आदेश वा निर्देशन दिने अधिकार महानिर्देशक र महानिर्देशकले अधिकार प्रत्यायोजन गरे बमोजिमका उपमहानिर्देशक र सशस्त्र वन रक्षक कार्यरत रहने सम्बन्धित कार्यालयका प्रमुखलाई हुनेछ।

तर नेपालको कुनै भागमा शान्ति र सु-व्यवस्था कायम गर्ने प्रयोजनको लागि नेपाली सेना परिचालन भएको अवस्थामा नेपाली सेना परिचालन भएको अवधिभर सम्बन्धित ठाँउका सशस्त्र वन रक्षक नेपाली सेनाको मातहतमा रही कार्य गर्नेछ।

(२) सम्बन्धित सशस्त्र वन रक्षकले उपनियम (१) बमोजिमको पदाधिकारीले दिएको आदेश वा निर्देशनको पालना गर्नु पर्नेछ।

(३) सशस्त्र वन रक्षक सेवाको सञ्चालन र परिचालन विभागले गर्नेछ।

(४) सशस्त्र वन रक्षक तालिम केन्द्र र सशस्त्र वन रक्षक गुल्मको परिचालन विभागले गर्नेछ।

७. <u>सशस्त्र वन रक्षक कार्यालय:</u> (१) सशस्त्र वन रक्षकको व्यवस्थापनका लागि देहाय बमोजिमका शाखा वा कार्यालय रहनेछन्:-

(क) विभागमा सशस्त्र वन रक्षक शाखा,

(ख) सशस्त्र वन रक्षक तालिम केन्द्र,

(ग) सशस्त्र वन रक्षक गुल्म,

(घ) डिभिजन वन कार्यालयमा सशस्त्र वन रक्षक शाखा वा एकाई।

८. <u>सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र पद दर्ता:</u> (१) सशस्त्र वन रक्षकको सङ्गठन संरचना तथा दरबन्दी हेरफेर गर्दा विभागले मन्त्रालयबाट स्वीकृति लिई कार्यक्रम, कार्यबोझ, आर्थिक तथा अन्य दायित्व, उपलब्ध मानवस्रोत, लागत प्रभावको विश्लेषण तथा नवीन प्रविधिको अवलम्बन गरी कारण र औचित्य समेतको आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु पर्नेछ।

१३. पदपूर्तिमा बन्देजः (१) सशस्त्र वन रक्षक सेवाको कुनै पनि पदमा यस नियमावलीमा व्यवस्था भए देखि बाहेक अन्य कुनै पनि तरिकाबाट पदपूर्ति गरिने छैन।

(२) विभागमा कार्यरत सशस्त्र वन रक्षकको हकमा राष्ट्रिय किताबखाना र अन्य कार्यालयमा कार्यरत सशस्त्र वन रक्षकको हकमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास नगराई तलब भत्ता उपलब्ध गराइने छैन।

१४. उम्मेदवार हुनको लागि अयोग्यताः देहायका व्यक्तिहरू सेवाको पदमा उम्मेदवार हुन सक्ने छैनन्-

(क) गैह्र नेपाली नागरिक

(ख) पुरुषको हकमा पाँच फिट तीन इन्चभन्दा कम र महिलाको हकमा चार फिट दश इन्चभन्दा कम उचाइ भएका,

(ग) पुरुषको हकमा पचास के.जी. भन्दा कम र महिलाको हकमा चालीस के.जी. भन्दा कम तौल भएका,

(घ) पुरुषको हकमा छाती नफुलाउँदा एकतिस इन्चभन्दा कम भएका,

(ङ) आँखा माइनस दुई वा प्लस दुईभन्दा बढी कमजोर भएका,

(च) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र प्राप्त नभएका,

(छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएका,

(ज) राजनीतिमा लागेका,

(झ) आतङ्ककारी सङ्गठनको सदस्य भएका,

(ञ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएका।

तर सशस्त्र वन रक्षक सेवाको कुनै पनि पदमा बहाल रहेका व्यक्ति खुल्ला पदको लागि उम्मेद्वार हुन उमेरको हद लाग्ने छैन र बढुवाद्वारा पदपूर्ति गर्दा खण्ड (ङ) र (च) को प्रावधान लागु हुने छैन।

१५. पदपूर्ति समितिको गठनः (१) सशस्त्र वन रक्षक सेवाको पदमा खुल्ला प्रतियोगिताद्वारा छनौट गरी नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिस गर्न देहाय बमोजिमको पदपूर्ति समिति गठन हुनेछः-

(क) लोक सेवा आयोगको सचिव वा निजले तोकेको आयोगको सहसचिव -अध्यक्ष

(ख) महानिर्देशक, विभाग -सदस्य

(ग) महानिर्देशकले तोकेको उपमहानिर्देशक -सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको पदपूर्ति समितिले उम्मेदवार छनौटको लागि आवश्यकत अनुसार सम्बन्धित विषयको विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपनियम (१) बमोजिमको पदपूर्ति समितिले समितिको कामकारवाहीका ला आवश्यकतानुसार अन्य कर्मचारीको सहयोग लिन सक्नेछ।

(घ) प्रयोगात्मक परीक्षा,
(ङ) लिखित परीक्षा,
(च) विस्तृत स्वास्थ्य परीक्षा,
(छ) अन्तरवार्ता, र
(ज) लोकसेवा आयोगले निर्धारण गरेको अन्य तरिका।

(२) सशस्त्र वन रक्षक सेवामा रिक्त पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा र अन्तर्वार्ता लोक सेवा आयोगबाट र अन्य परीक्षा विभागबाट सञ्चालन गरिनेछ।

२०. <u>परीक्षाको पाठ्यक्रमः</u> सशस्त्र वन रक्षक सेवाको रिक्त पदमा नियुक्तिको लागि छनौट गर्न नियम १९ बमोजिम लिईने परीक्षाको पाठ्यक्रम, अङ्क विभाजन, परीक्षा प्रणाली, मूल्याङ्कन विधि र तत्सम्बन्धी अन्य व्यवस्था पदपूर्ति समितिले मस्यौदा गरी लोकसेवा आयोगसमक्ष पेस गर्नु पर्नेछ।

२१. <u>विज्ञापन प्रकाशनः</u> (१) पदपूर्ति समितिले पदपूर्तिको लागि विज्ञापन प्रकाशन गर्दा नेपालभर प्रचारप्रसार हुन सक्ने गरी राष्ट्रियस्तरको पत्रिका तथा अन्य सूचना सञ्चारको माध्यम मार्फतमा कम्तीमा तिस दिनको म्याद दिई देहायको विषय समेत खुलाई प्रतियोगिताका लागि विज्ञापन प्रकाशन गर्नु पर्नेछः-

(क) पदको नाम,
(ख) आवश्यक सङ्ख्या (खुल्ला र समावेशी अलग अलग देखिने गरी),
(ग) दरखास्त दिने म्याद र स्थान,
(घ) दरखास्त दस्तुर,
(ङ) परीक्षा दस्तुर,
(च) आवश्यक न्यूनतम शैक्षिक योग्यता,
(छ) पेस गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरू,
(ज) सम्पर्क मिति र स्थान,
(झ) परीक्षाको तरिका,
(ञ) अन्य सर्तहरू।

(२) उपनियम (१) बमोजिम प्रकाशित विज्ञापनमा उम्मेदवार हुन चाहने व्यक्तिले एउटै पदको समावेशी तथा खुल्लातर्फ दरखास्त दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम दरखास्त पेस गर्ने व्यक्तिले प्रत्येक थप खुल्ला तथा समावेशी समूहको पदका लागि लाग्ने परीक्षा दस्तुरको थप बिस प्रतिशत रकम दस्तुर बुझाउनु पर्नेछ।

(४) उपनियम (१) बमोजिम प्रकाशित विज्ञापनमा उम्मेदवार हुन चाहने व्यक्तिले खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदका लागि निर्धारित दरखास्त फाराम भरी परीक्षा दस्तुरसहित विज्ञापनमा तोकिएको स्थान र समयमा बुझाउनु पर्नेछ।



सचिव

(६) उपनियम (१), (२) वा (३) बमोजिम नतिजाका लागि सङ्ख्या निर्धारण गर्दा ०.५ (शून्य दशमलव पाँच) वा सोभन्दा बढी हुन आएमा मात्र पूर्ण अङ्क एक मान्नु पर्नेछ।

(७) यस नियम बमोजिम नतिजा प्रकाशन गर्दा कुनै कठिनाई आईपरेमा पदपूर्ति समितिले आवश्यक व्यवस्था गर्न सक्नेछ।

(८) नतिजा प्रकाशन गर्दा अन्तर्वार्ता लगायत अन्य सम्बद्ध परीक्षाको मिति, समय, स्थान र उम्मेदवारको नाम समेत खुलाउनु पर्नेछ।

२३. <u>अन्तर्वार्ता समितिको गठन:</u> (१) नियम २२ बमोजिम छनौट भएका उम्मेदवारको अन्तर्वार्ता लिनको निमित्त आयोगले एक जना अध्यक्ष र दक्ष वा विशेषज्ञको सूचीमा रहेका सम्बन्धित विषयका दक्ष वा विशेषज्ञ समेत कम्तीमा तीन जना सदस्य रहेको अन्तर्वार्ता गठन गर्नेछ।

(२) उपनियम (१) बमोजिमको अन्तर्वार्ता समितिको कार्यविधि लोक सेवा आयोगले तोके बमोजिम हुनेछ।

२४. <u>अन्तिम नतिजा प्रकाशन गर्ने:</u> (१) पदपूर्ति समितिले उम्मेदवारको छनौट सम्बन्धी सम्पूर्ण प्रक्रिया सम्पन्न भए पछि सबै चरणका परीक्षा तथा शैक्षिक योग्यता बापतको कूल अङ्कको आधारमा सबै भन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको रोल नम्बर, नाम, ठेगाना समेत उल्लेख गरी योग्याक्रम अनुसार अन्तिम नतिजा प्रकाशन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम अन्तिम नतिजा प्रकाशन गर्दा आयोगले तोकेको सङ्ख्यामा वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नु पर्नेछ।

तर वैकल्पिक उम्मेदवारको सूची प्रकाशन गर्दा पर्याप्त उम्मेदवार उपलब्ध हुन नसकेमा कम सङ्ख्यामा पनि सूची प्रकाशन गर्न सकिनेछ।

२५. <u>प्रतिवेदन पेस गर्ने:</u> पदपूर्ति समितिले कार्य समाप्त भएको तीन महिनाभित्र आफूले गरेको कामको प्रतिवेदन मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

२६. <u>नियुक्ति:</u> सशस्त्र वन रक्षक सेवाको देहायको पदमा देहायको अधिकारीले नियुक्ति गर्नेछः-

(क) अधिकृतस्तरको पदमा सचिव,

(ख) सहायकस्तर र अन्य पदमा महानिर्देशक।

२७. <u>वैयक्तिक विवरण फाराम:</u> (१) पहिलो पटक नियुक्ति भएका प्रत्येक सशस्त्र वन रक्षकले अनुसूची-३ मा तोकिए बमोजिमको ढाँचामा चार प्रति वैयक्तिक विवरण फाराम भर्नु पर्नेछ।

(२) सशस्त्र वन रक्षकको वैयक्तिक विवरणको अभिलेख राष्ट्रिय किताबखानाले राख्नेछ।

(३) सशस्त्र वन रक्षकको नियुक्ति, सरुवा, बढुवा, विभागीय सजाय समेतका अन्य अभिलेख अद्यावधिक गर्ने प्रयोजनको लागि सम्बन्धित निकाय तथा सम्बन्धित कर्मचारीले समेत राष्ट्रिय किताबखाना लाई समय-समयमा आवश्यक विवरण उपलव्ध गराउनु पर्नेछ र यसरी प्राप्त विवरणका आधारमा वैयक्तिक विवरण अद्यावधिक गरी राख्नु पर्ने दायित्व राष्ट्रिय किताबखानाको हुनेछ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ख) <u>सहायकस्तर र अन्यः</u>

(१) महानिर्देशक वा निजले तोकेको उपमहानिर्देशक -अध्यक्ष

(२) उपसचिव (प्रा.) स्तरको प्रतिनिधि, मन्त्रालय -सदस्य

(३) सशस्त्र वन सुरक्षा शाखा प्रमुख -सदस्य-सचिव

(२) बढुवा समितिले बढुवाको कारबाही गर्दा अपनाउने प्रकृया र कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपनियम (१) को खण्ड (क) बमोजिमको बढुवा समितिको सचिवालयको कार्य मन्त्रालयको प्रशासन महाशाखा र खण्ड (ख) बमोजिमको बढुवा समितिको सचिवालयको कार्य विभागले गर्नेछ।

३३. <u>बढुवाको लागि उम्मेदवार हुन चाहिने सेवा अवधिः</u> (१) बढुवाको लागि उम्मेदवार हुन बढुवा हुने पदभन्दा निकटतम् मुनिको पदमा देहाय बमोजिमको न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछः-

(क) अधिकृतस्तर पदको लागि पाँच वर्ष,

(ख) जुनियर अधिकृत तथा सहायकस्तर पदको लागि चार वर्ष।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि असाधारण वा साहसिक या वीरतापूर्वक कार्य गरेको सहायकस्तरको सशस्त्र वन रक्षकलाई नेपाल सरकारको निर्णयानुसार उपनियम (१) बमोजिमको अवधि नपुगे पनि सहायकस्तरकै माथिल्लो पदमा बढुवा गर्न वा माथिल्लो ग्रेड उपलब्ध गराउन सकिनेछ।

३४. <u>बढुवा सम्बन्धी विशेष व्यवस्थाः</u> (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै श्रेणीमा कम्तीमा बाह्र वर्षसम्म बहाल रहेका सशस्त्र वन रक्षकको नियम ६७ बमोजिम अवकाश हुँदा एक महिना बाँकी भएमा एक श्रेणी माथिको पदमा बढुवा गरिनेछ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै पदमा कम्तीमा बाह्र वर्षसम्म बहाल रहेका सशस्त्र वन रक्षकले नियम ६८ बमोजिम स्वेच्छिक अवकाश लिन निवेदन दिएमा निजलाई एक श्रेणी माथिको पदमा बढुवा गरी अवकाश दिइनेछ।

(३) उपनियम (१) वा (२) बमोजिम बढुवा गर्नको लागि स्वतः विशेष पद सिर्जना हुनेछ र त्यस्तो सशस्त्र वन रक्षक सेवाबाट अवकाश भएपछि सो पद स्वतः खारेज हुनेछ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा बाह्र वर्षसम्म एउटै पदमा बहाल रहेका सशस्त्र वन रक्षकको कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएमा त्यस्तो कर्मचारीको परिवारलाई एक श्रेणी माथिको पदको निवृत्तभरण लगायतका सुविधा प्रदान गरिनेछ।

३५. <u>बढुवाको लागि सम्भाव्य उम्मेद्वार हुन नपाउनेः</u> नियम ३३ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवधिभर सशस्त्र वन रक्षक बढुवाको लागि सम्भाव्य उम्मेद्वार हुन सक्ने छैनः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(ग) तलब वृद्धि रोक्का भएकोमा रोक्का भएको सेवा अवधिभर,

(७) कार्यसम्पादन मूल्याङ्कनको प्रयोजनका निमित्त अङ्क गणना गर्दा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको औसतबाट हिसाब गरिनेछ।

तर,

(१) अध्ययन वा तालिममा गएको अवधिको कार्यसम्पादन मूल्याङ्कन बापत त्यस्तो अध्ययन वा तालिममा जानुभन्दा तत्काल अघिको वर्षमा जति अङ्क पाएको छ त्यही अनुपातमा नै अङ्क दिइनेछ।

(२) असाधारण बिदामा बसेको अवधिलाई कटाएर मात्रै सम्भाव्य उम्मेदवारीको हिसाब गरिनेछ र त्यस्तो असाधारण बिदाको अवधिको कार्यसम्पादनको मूल्याङ्कन फाराम भरिने छैन। एक वर्षभन्दा कम अवधिको कार्यसम्पादनको मूल्याङ्कन गर्दा एक वर्षको लागि तोकिएको अङ्कको दामासाहीले गणना गरिनेछ।

(३) सशस्त्र वन रक्षकको कार्यसम्पादन मूल्याङ्कन फाराम देहाय बमोजिमको अवधिभित्र भरी देहाय बमोजिम पठाउनु पर्नेछः-

(क) प्रत्येक सशस्त्र वन रक्षकले तीन प्रति कार्यसम्पादन मूल्याङ्कन फाराम भरी श्रावण सात गतेभित्र सुपरिवेक्षक समक्ष पेस गर्नु पर्नेछ।

(ख) सुपरिवेक्षकले आफूकहाँ प्राप्त कार्यसम्पादन मूल्याङ्कन फाराम मूल्याङ्कन गरी श्रावण मसान्तसम्ममा पुनरवलोकनकर्ता समक्ष पेस गर्नु पर्नेछ।

(ग) पुनरवलोकनकर्ताले आफूसमक्ष सुपरिवेक्षकबाट पेस भएको कार्यसम्पादन मूल्याङ्कन फाराम मूल्याङ्कन गरी भाद्र पन्ध्र गतेभित्र पुनरावलोकन समिति समक्ष पेस गर्नु पर्नेछ।

(घ) पुनरावलोकन समितिले आश्विन पन्ध्र गतेसम्ममा कार्यसम्पादन मूल्याङ्कन गरि सक्नु पर्नेछ र यसरी मूल्याङ्कन गरिएको फाराम मध्ये एक प्रति बढुवा समितिको सचिवालयमा र एक प्रति विभागमा पठाई एक प्रति सिलवन्दी गरी सुरक्षित राख्नु पर्ने छ।

(८) कुनै सशस्त्र वन रक्षकको कार्यसम्पादन मूल्याङ्कन फाराममा प्रदान गरिएको अङ्क निजले सम्पादन गरेको काम तथा दक्षताको स्तरसँग अस्वाभाविक देखिन आएमा सम्बन्धित सुपरिवेक्षक र पुनरवलोकनकर्तालाई सो उपर पुनः मूल्याङ्कन गरी पठाउनका लागि पुनरावलोकन समितिले त्यस्तो फाराम सिलबन्दी गरी फिर्ता पठाउन सक्नेछ।

(९) उपनियम (९) बमोजिम प्राप्त हुन आएको फाराममा सुपरिवेक्षक वा पुनरवलोकनकर्ताले पुनःमूल्याङ्कन गरी सात दिनभित्र पुनरावलोकन समितिमा सिलबन्दी गरी पठाइसक्नु पर्नेछ।

(१०) कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था निजामती सेवा ऐन र नियमावलीले निर्धारण गरे बमोजिम हुनेछ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(३) सशस्त्र वन रक्षकले शैक्षिक योग्यता र सेवाकालीन तालिमको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेस गर्नु पर्नेछ। त्यस्तो प्रतिलिपि पेस नगरेमा सो बापत अङ्क दिइने छैन।

(४) यस नियमको अधीनमा रही तालिम दिने संस्था र तालिमको स्तरसम्बन्धी व्यवस्था मन्त्रालयले तोकेबमोजिम हुनेछ।

४२. <u>कमान्डको मूल्याङ्कनः</u> (१) सशस्त्र वन रक्षकलाई कमान्ड बापत अनुसूची-७ मा उल्लेख भए बमोजिमको आधारमा बढीमा पाँच अङ्क दिइनेछ।

(२) देहाय बमोजिमको अधिकारीले आफ्नो मातहतको सशस्त्र वन रक्षकको कमान्ड कन्ट्रोलको सम्बन्धमा उपनियम (१) बमोजिमको आधारमा मूल्याङ्कन गरी सम्बन्धित बढुवा समितिको सचिवालयमा प्रत्येक वर्ष असोज पन्ध्र गतेभित्र सिलबन्दी गरी पठाउनु पर्नेछः-

(क) अधिकृतस्तरका सशस्त्र वन रक्षकको हकमा सशस्त्र वन रक्षक शाखा प्रमुखको सिफारिसमा महानिर्देशकले,

(ख) सहायकस्तरका सशस्त्र वन रक्षकको हकमा सुपरिवेक्षकको सिफारिसमा सशस्त्र वन रक्षक शाखा प्रमुखले।

(३) कमान्ड बापतको अङ्क गणना गर्दा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कमान्डको मूल्याङ्कनको औसत गणना गरिनेछ।

तर यो नियमावली प्रारम्भ भए पछि पहिलो वर्ष हुने विज्ञापनको हकमा पछिल्लो एक वर्षको, दोस्रो वर्षमा हुने विज्ञापनको हकमा पछिल्लो दुई वर्षको, तेस्रो वर्षमा हुने विज्ञापनको हकमा पछिल्लो तीन वर्षको र अधिकृतस्तरको पदको बढुवाको लागि चौथो वर्षमा हुने विज्ञापनको हकमा पछिल्लो चार वर्षको कमान्डको मूल्याङ्कनको औसतबाट गणना गरिनेछ।

(४) यो नियमावली प्रारम्भ भएपछि तत्काल बढुवाको कारबाही गर्नु परेमा बढुवा समितिले बढुवाका लागि सम्भाव्य उम्मेदवारको चालु आर्थिक वर्षको कमान्डको मूल्याङ्कन गरी पठाउन सम्बन्धित अधिकारीलाई आदेश दिन सक्नेछ।

(५) उपनियम (४) बमोजिम बढुवा समितिको निर्णय प्राप्त भएमा सम्बन्धित पदाधिकारीले बढुवा समितिले तोकिदिएको समयभित्र मूल्याङ्कन गरी सिलबन्दी खाममा सम्बन्धित बढुवा समितिमा पठाउनु पर्नेछ।

४३. <u>बढुवा उजुरी सम्बन्धी व्यवस्थाः</u> (१) देहायको बढुवा समितिको बढुवा सिफारिस उपर चित्त नबुझ्ने सशस्त्र वन रक्षकले बढुवाको सिफारिस सम्बन्धी निर्णय भएको मितिले सात दिनभित्र देहाय बमोजिमको बढुवाको उजुरी सुन्ने समिति समक्ष उजुरी दिन सक्नेछः-

| क्र.सं. | बढुवाको सिफारिस गर्ने समिति | बढुवा उपरको उजुरी सुन्ने समिति |
|---|---|---|
| १. | नियम ३२ को उपनियम (१) को खण्ड (क) बमोजिमको बढुवा समिति | १. लोक सेवा आयोगका अध्यक्ष वा निजले तोकेको सदस्य -अध्यक्ष<br>२. सचिव, कानुन हेर्ने मन्त्रालय -सदस्य |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## सशस्त्र वन रक्षकको काम, कर्तव्य र अधिकार

४५. **सशस्त्र वन रक्षकको काम, कर्तव्य र अधिकारः** (१) सशस्त्र वन रक्षकले राष्ट्रिय वन तथा जैविक विविधताको संरक्षण र संवर्द्धन गर्न, वन्यजन्तुको अवैध शिकार एवं वन पैदावारको चोरी निकासी रोक्न तथा वन सम्पदाको सुरक्षा गर्न खटिएको अवस्थामा कुनै व्यक्ति आपराधिक क्रियाकलापमा संलग्न रहेको पाईएमा त्यस्तो क्रियाकलापमा संलग्न व्यक्ति वा त्यस्तो क्रियाकलापसंग सम्बन्धित मालवस्तुलाई नियन्त्रणमा लिनु वा अपराध हुनबाट रोक्नु वा व्यक्ति, संस्था, भवन, स्थान, संरचना वा वन पैदावारको सुरक्षा प्रदान गर्नु त्यस्तो सशस्त्र वन रक्षकको कर्तव्य हुनेछ।

(२) उपनियम (१) बमोजिम नियन्त्रणमा लिइएको व्यक्ति र बरामद भएका मालवस्तुको फेहरिस्त सहित यथाशीघ्र सम्बन्धित डिभिजन वन कार्यालय वा सब-डिभिजन वन कार्यालय वा सम्बन्धित अपराधको अनुसन्धान गर्ने निकाय वा अधिकारीलाई सशस्त्र वन रक्षकले प्रतिवेदन सहित सुम्पनु पर्नेछ।

(३) ऐनको दफा ५४ को उपदफा (१) बमोजिम असल नियतले काम कारबाही गर्दा वा कर्तव्य पालनाको क्रममा बल प्रयोग गर्दा कुनै व्यक्तिको मृत्यु भएमा वा घाउचोट लागेमा त्यस्ता सशस्त्र वन रक्षक उपर मुद्दा चलाउन सकिने छैन।

## परिच्छेद-५
## तलब, भत्ता र दैनिक भ्रमण भत्ता

४६. **तलब भत्ताः** (१) सशस्त्र वन रक्षकले आफ्नो पदमा नियुक्ति भएको दिनदेखि तलब भत्ता र रासन पाउनेछ।

(२) सशस्त्र वन रक्षकले सेवामा रही काम गरे बापत पाउने तलब, भत्ता र रासन सुविधा समान पदको नेपाली सेना सरह हुनेछ।

तर यस नियमावली प्रारम्भ हुनुअघि कार्यरत रहेका सशस्त्र वन रक्षकको तलब र ग्रेड हाल खाइपाई आएको निजामती सेवा बमोजिम नै हुनेछ।

(३) प्रत्येक सशस्त्र वन रक्षकले एक वर्षको सेवा पूरा गरेपछि नेपाल सरकारले तोकिदिए बमोजिमको तलब वृद्धि (ग्रेड) पाउनेछ।

४७. **पकाएको तलब भत्ता पाउनेः** (१) सशस्त्र वन रक्षकले प्रत्येक महिना भुक्तान भएपछि वा नेपाल सरकारको निर्णय बमोजिम तलब भत्ता पाउनेछ।

(२) कुनै सशस्त्र वन रक्षकले पकाएको तलब भत्ता निज जुनसुकै व्यहोराबाट सेवाबाट हटेमा समेत सो तलब भत्ता प्राप्त गर्नेछ।



सचिव

(३) सशस्त्र वन रक्षकले तालिम र विशेष कारबाहीमा खटिएको अवधिभर सार्वजनिक बिदा, प्रसूति बिदा, प्रसूति स्याहार र किरिया बिदा बाहेक अन्य बिदा पाउने छैन।

(४) कुनै सशस्त्र वन रक्षकले झुठ्ठा विवरण देखाई बिरामी बिदा, प्रसूति बिदा, प्रसूति स्याहार बिदा र किरिया बिदा लिएको ठहरिएमा प्रचलित कानुन बमोजिम विभागीय सजाय हुनेछ।

(५) सशस्त्र वन रक्षकलाई बिदा दिँदा सम्बन्धित कार्यालयमा हाजिर रहेका सशस्त्र वन रक्षक मध्ये एक पटकमा बिस प्रतिशतभन्दा बढीलाई बिदा दिइने छैन।

५३. <u>भैपरी आउने र पर्व बिदाः</u> (१) सशस्त्र वन रक्षकले प्रत्येक वर्ष पूरा तलब र राशन सुविधा सहितको भैपरी आउने बिदा छ दिन र पर्व बिदा छ दिन गरी जम्मा बाह्र दिन पाउनेछ।

(२) एक वर्षको भैपरी आउने बिदा र पर्व बिदा सञ्चित गरी अर्को वर्षमा लिन पाइने छैन।

५४. <u>घर बिदाः</u> (१) सशस्त्र वन रक्षकले काम गरेको अवधिको बाह्र दिनको एक दिनका दरले पूरा तलब र राशन सुविधा सहितको घर बिदा पाउनेछ।

<u>स्पष्टीकरणः</u> यस नियमको प्रयोजनको लागि "काम गरेको अवधि" भन्नाले सो अवधिभित्र लिएको भैपरी आउने र पर्व बिदा, बिरामी बिदा, प्रसूति बिदा, प्रसूति स्याहार बिदा, किरिया बिदा र सार्वजनिक बिदालाई समेत जनाउनेछ।

(२) सशस्त्र वन रक्षकले आफूले पकाएको घर बिदा एक सय असी दिनसम्म सञ्चित गरी राख्न पाउनेछ।

(३) सशस्त्र वन रक्षक कुनै कारणले सेवाबाट अलग भएमा निजको सञ्चित रहेको घर बिदा बापत निजको पदाधिकार रहेको पदबाट खाइपाई आएको तलबको दरले हुन आउने रकम निजले एकमुष्ट रूपमा लिन पाउनेछ।

(४) सञ्चित रहेको घर बिदाको रकम लिन नपाउँदै कुनै सशस्त्र वन रक्षकको मृत्यु भएमा त्यस्तो सञ्चित घर बिदाको रकम नियम ७३ को उपनियम (६) बमोजिमको व्यक्तिले एकमुष्ट लिन पाउनेछ।

(५) घर बिदा, अध्ययन बिदा र असाधारण बिदामा बसेका सशस्त्र वन रक्षकले सो अवधिको घर बिदा पाउने छैन।

(६) सञ्चित भएको घर बिदा भुक्तान गरिसकेको सशस्त्र वन रक्षकलाई कुनै दैवी घटना परी निजको आफ्नै परिवारको कुनै सदस्यको जीउ ज्यान वा आफ्नै चल अचल सम्पतिमा कुनै ठुलो क्षति पुग्न गएमा वा अरु पर्याप्त कारण परेमा अर्को वर्षको पाउने घर बिदाबाट कट्टी हुने गरी बढीमा तिस दिनसम्मको पेस्की घर बिदा दिन सकिनेछ।

(७) सशस्त्र वन रक्षकले वर्षको एक पटक कम्तीमा सात दिन घर बिदा लिई घर जाँदा र घर बिदा भुक्तान गरी घरबाट आफनो कार्यालयमा आउँदा पैदलको बाटोलाई आठ कोशको निमित्त एक दिनको दरले हुने दिन तथा मोटर, रेल, हवाईजहाजको बाटोलाई जति दिन लाग्ने हो त्यति दिन बाटोको म्याद पाउनेछ।



सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(३) उपनियम (१) बमोजिम प्रसूति बिदा लिएका महिला सशस्त्र वन रक्षकले चाहेमा कुनै पनि बिदाबाट कट्टी नहुने गरी थप छ महिनासम्म बेतलबी प्रसूति बिदा लिन सक्नेछन्। यस्तो बिदा लिदा उपनियम (१) बमोजिमको बिदासँग लगातार रूपमा लिनुपर्नेछ।

(४) उपनियम (३) बमोजिम बेतलबी बिदा बसेको अवधि सेवा अवधिमा गणना गरिने छैन।

(५) प्रसूति बिदा लिएको सशस्त्र वन रक्षकले बिदा लिएको मितिले तीन महिनाभित्रमा बच्चाको जन्मदर्ता प्रमाणपत्र वा अस्पतालले जारी गरेको जन्म प्रमाणपत्र कार्यरत कार्यालयमा पेस गर्नु पर्नेछ।

५७. <u>प्रसूति स्याहार बिदा</u>: (१) कुनै पुरुष सशस्त्र वन रक्षकको पत्नी सुत्केरी हुने भएमा त्यस्तो सशस्त्र वन रक्षकले सुत्केरीको अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार बिदा लिन पाउनेछ।

(२) प्रसूति स्याहार बिदामा बस्ने सशस्त्र वन रक्षकले पूरा तलब र राशन पाउनेछ।

(३) प्रसूति स्याहार बिदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ।

(४) प्रसूति स्याहार बिदा लिएको सशस्त्र वन रक्षकले बिदा लिएको मितिले तीन महिनाभित्रमा बच्चाको जन्मदर्ता प्रमाणपत्र वा अस्पतालले जारी गरेको जन्म प्रमाणपत्र कार्यरत कार्यालयमा पेस गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको अवधिभित्र त्यस्तो प्रमाणपत्र पेस नगर्ने सशस्त्र वन रक्षकको त्यस्तो बिदाको अवधि निजले पाउने अन्य बिदाबाट कट्टा गरिनेछ।

(६) प्रसूति स्याहार बिदाको अभिलेख सम्बन्धित कार्यालयले अद्यावधिक गरी राख्नु पर्नेछ।

(७) प्रसूति बिदा तथा प्रसूति स्याहार बिदा पाएका सशस्त्र वन रक्षकलाई बच्चाको स्याहारको निमित्त बढीमा दुई बच्च्चाको लागि जनही एकमुष्ठ पाँच हजार रुपैया शिशु स्याहार भत्ता दिइनेछ।

५८. <u>किरिया बिदा</u>: (१) कुनै सशस्त्र वन रक्षकले कुल धर्म अनुसार आफैं किरिया बस्नु परेमा वा त्यस्तो कर्मचारीको बाबुआमा, बाजेबज्यै, छोराछोरी वा सासू ससुराको मृत्यु भएमा वा पुरुष निजामती कर्मचारीको हकमा निजको पत्नीको मृत्यु भएमा पन्ध्र दिन किरिया बिदा पाउनेछ। महिला निजामती कर्मचारीको पतिले किरिया बस्नु परेमा निजलाई पनि त्यति नै दिन किरिया बिदा दिइनेछ।

(२) किरिया बिदामा बस्दा सशस्त्र वन रक्षकले पूरा बिदा पाउनेछ।

(३) उपनियम (१) बमोजिम बिदा लिने सशस्त्र वन रक्षकले बिदा पछि कार्यालयमा हाजिर भएको पन्ध्र दिनभित्र मृत व्यक्तिको मृत्यु दर्ताको प्रमाणपत्र तथा मृत व्यक्तिसँगको नाता प्रमाणित पेस गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको अवधिभित्र त्यस्तो प्रमाणपत्र पेस नगर्ने सशस्त्र वन रक्षकको त्यस्तो बिदाको अवधि निजले पाउने अन्य बिदाबाट कट्टा गरिनेछ।



सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) असाधारण बिदामा बस्ने सशस्त्र वन रक्षकले सो अवधिभर तलब पाउने छैन।

(३) पाँच वर्ष सेवा अवधि नपुगी कुनै पनि सशस्त्र वन रक्षकले असाधारण बिदा पाउने छैन।

(४) कुनै सशस्त्र वन रक्षकले लिएको असाधारण बिदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन।

६१. बिदा माग गर्ने विधिः (१) बिदाको निकासाको निमित्त सशस्त्र वन रक्षकले आफूलाई चाहिएको बिदाको अवधि, कारण र विदेश जानुपर्ने भए सो समेत खोली आफ्नो कार्यालय मार्फत बिदा दिने अधिकारीसमक्ष निवेदन पेस गर्नु पर्नेछ र बिदा दिने अधिकारीले पनि बिदा स्वीकृत वा अस्वीकृत भएको सूचना सम्बन्धित सशस्त्र वन रक्षकलाई दिनु पर्नेछ।

(२) बिदा दिने अधिकारीको पूर्व स्वीकृति लिन सम्भव थिएन वा पूर्व स्वीकृति प्राप्तिको लागि निवेदकले सकभर प्रयास गरेको थियो भन्ने कुरामा बिदा दिने अधिकारीलाई चित्त बुझेमा निजले निवेदनको मितिभन्दा अगाडि देखिको मितिबाट बिदा स्वीकृत गर्न सक्नेछ।

६२. बिदा दिने अधिकारीः (१) विभागको सशस्त्र वन रक्षक शाखा प्रमुखको दश दिनभन्दा बढी बिदा सुपरिवेक्षकको सिफारिसमा महानिर्देशकले स्वीकृत गर्नेछ।

(२) सशस्त्र वन रक्षक तालिम केन्द्रका प्रमुखले भैपरी र पर्व बिदा आफै जनाई बस्न सक्नेछ। यसरी बिदामा बसेको जानकारी सशस्त्र वन रक्षक प्रमुखलाई उपलब्ध गराउनु पर्नेछ। अध्ययन बिदा एवं असाधारण बिदा बाहेक अन्य बिदा सशस्त्र वन रक्षक प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ।

(३) सशस्त्र वन रक्षक तालिम केन्द्रका अन्य कर्मचारीहरूको अध्ययन र असाधारण बिदा बाहेकको अन्य बिदा तालिम केन्द्रका प्रमुखले स्वीकृत गर्नेछ।

(४) सशस्त्र वन रक्षक गुल्म प्रमुखको अध्ययन र असाधारण बिदा बाहेकको अन्य बिदा सशस्त्र वन रक्षक प्रमुखले र अन्य सशस्त्र वन रक्षकको अध्ययन र असाधारण बिदा बाहेकको अन्य बिदा सम्बन्धित सशस्त्र वन रक्षक कमान्ड पोष्टको प्रमुखले स्वीकृत गर्नेछ।

(५) डिभिजन वन कार्यालयको सशस्त्र वन रक्षक शाखा वा एकाइको प्रमुखको अध्ययन र असाधारण बिदा बाहेकको अन्य बिदा सम्वन्धित डिभिजनल वन अधिकृतले र सो शाखा वा एकाइमा कार्यरत अन्य सशस्त्र वन रक्षकको अध्ययन र असाधारण बिदा बाहेकको अन्य बिदा सम्बन्धित सशस्त्र वन रक्षक शाखा वा एकाइ प्रमुखको सिफारिसमा डिभिजनल वन अधिकृतले स्वीकृत गर्नेछ।

(६) सशस्त्र वन रक्षकको अध्ययन बिदा र असाधारण बिदा सचिवले स्वीकृत गर्नेछ।

६३. बिदा परिणत नहुनेः यस परिच्छेद बमोजिम सशस्त्र वन रक्षकले जुन बिदा लिई बसेको हो सोही बिदा नै उपभोग गर्नु पर्नेछ। पहिले कुनै एक किसिमको बिदा स्वीकृत भएकोमा त्यस्तो बिद पछि किरिया बिदा वा प्रसूति बिदा बाहेक अर्को किसिमको बिदामा परिणत गराउन पाइने छैन।



सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद-७

## अवकाश, उपदान, निवृत्तभरण र उपचार खर्च

६७. **अनिवार्य अवकाशः** (१) देहायको पदमा बहाल रहेको सशस्त्र वन रक्षकको देहाय बमोजिम उमेर पूरा भएमा सेवाबाट अनिवार्य अवकाश पाउनेछः-

| क्र.सं. | अधिकृतस्तरः | उमेरको हद |
|---|---|---|
| १ | सशस्त्र वन रक्षक प्रमुख सेनानी | ५८ |
| २ | सशस्त्र वन रक्षक सेनानी | ५७ |
| ३ | सशस्त्र वन रक्षक सहसेनानी | ५६ |
| ४ | सशस्त्र वन रक्षक उपसेनानी | ५५ |
| ५ | सशस्त्र वन रक्षक सहायक सेनानी | ५५ |
| | जुनियर अधिकृतस्तरः | |
| १ | सशस्त्र वन रक्षक प्रमुख सुबेदार | ५४ |
| २ | सशस्त्र वन रक्षक सुबेदार | ५३ |
| ३ | सशस्त्र वन रक्षक जमदार | ५२ |
| | सहायकस्तरः | |
| १ | सशस्त्र वन रक्षक हवल्दार | ५१ |
| २ | सशस्त्र वन रक्षक अमलदार | ५१ |
| ३ | सशस्त्र वन रक्षक सिपाही | ५० |

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुँदाका बखत बहाल रहेका सशस्त्र वन रक्षकले अन्ठाउन्न वर्ष उमेर पूरा भएपछि अनिवार्य अवकाश पाउनेछन्।

तर संवत् २०४९ साल कार्तिक २१ गतेभन्दा अघि सशस्त्र वन रक्षक सेवामा प्रवेश गर्नेको हकमा साठी वर्ष उमेर ननाघ्ने गरी सेवा अवधि थप गरी निवृतिभरणको लागि जम्मा सेवा अवधि कायम गरिनेछ।

(ख) सिपाही र सोभन्दा माथि प्रमुख सुवेदारसम्म

$$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी तलबको रकम}}{४०}$$

तर,

(१) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको सशस्त्र वन रक्षकले यस नियम बमोजिम निवृत्तभरण पाउने छैन।

(२) सरकारी सेवा पाउने वा सो सेवामा बहाल रहने उद्देश्यले नागरिकता वा उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो सशस्त्र वन रक्षकलाई निवृत्तभरण दिइने छैन।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरणको न्यूनतम रकम समान पदको बहालवाला सशस्त्र वन रक्षकको तलबको सुरु अङ्कको आधाभन्दा कम र अधिकतम रकम समान पदको बहालवाला सशस्त्र वन रक्षकको तलबको सुरु स्केलभन्दा बढी हुने छैन।

(५) बहालवाला सशस्त्र वन रक्षकको तलब वृद्धि हुँदा तलब स्केलको सुरु अङ्कमा जति वृद्धि भएको छ सोको दुई तिहाई रकम समान पदको सेवा निवृत्त सशस्त्र वन रक्षकको निवृत्तभरण रकममा पनि थप गरिनेछ।

(६) पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको कुनै सशस्त्र वन रक्षकको मृत्यु भएमा निजको सेवा अवधिमा निवृत्तभरणका लागि आवश्यक पर्ने सेवा अवधि पुर्याउन चाहिने वर्ष थप गरी निजको परिवारलाई निवृत्तभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ।

७२. <u>योगदानमूलक निवृत्तभरण कोष सम्बन्धी विशेष व्यवस्थाः</u> (१) यो नियमावली प्रारम्भ भएपछि सशस्त्र वन रक्षक सेवामा नियुक्त हुने कर्मचारीको हकमा योगदानमूलक निवृत्तभरण प्रणाली सम्बन्धी प्रचलित कानुन बमोजिमको व्यवस्था लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम योगदानमूलक निवृतभरण प्रणाली लागु हुने सशस्त्र वन रक्षक कर्मचारीको हकमा नियम ६८, ७०, ७१, ७३ को व्यवस्था लागु हुने छैन।

७३. <u>पारिवारिक निवृत्तभरण र उपदानः</u> (१) कुनै सशस्त्र वन रक्षकको सेवामा छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा सात वर्ष नपुगेसम्म निजको परिवारलाई वा निजको नाबालक भाइ वा अविवाहिता दिदी बहिनीलाई नियम ७० वा ७१ मा लेखिए बमोजिम उपदान वा निवृत्तभरण प्राप्त हुनेछ।

तर यस्तो निवृत्तभरण सात वर्षभन्दा बढी समय प्राप्त हुने छैन र निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएको सशस्त्र वन रक्षकको परिवार वा नाबालक भाइ वा अविवाहिता दिदी बहिनीलाई सात वर्ष पुगेपछि निवृत्तभरण प्राप्त हुने छैन।

गरेको भए सो को समेत) तलबको हिसाब गरी हुन आउने रकम बराबर अशक्त निवृत्तभरण पाउनेछ। त्यस्तो अशक्त सशस्त्र वन रक्षकको सेवा अवधि निवृतभरण पाउने अवधिभन्दा घटी भएमा यस नियमावली बमोजिम निवृतभरण पाउने वर्ष पुर्याउन नपुग प्रत्येक पूरा वा चानचुन वर्षको निमित्त दामासाहीबाट कट्टा गरी हुन आउने बाँकी रकम निवृत्तभरण बापत पाउने छ। यसरी कट्टा गर्दा एक तिहाईभन्दा बढी कट्टा गरिने छैन।

(३) सशस्त्र वन रक्षकले अशक्तता बापत उपनियम (२) बमोजिम पाउने अशक्त निवृत्तभरणको अतिरिक्त थप पाउने मासिक अशक्त भत्ताको रकम निजले खाइपाई आएको तलबको बिस प्रतिशत बराबर हुनेछ।

तर अशक्त वृत्ति पाएका वा पाउने ठहरिएका सशस्त्र वन रक्षकले पछि कुनै सेवामा पुनः प्रवेश पाएमा निजले यस नियम बमोजिमको अशक्तवृत्ति पाउने छैन तर खाइसकेको अशक्तवृत्ति रकम भने फिर्ता गर्नुपर्ने छैन।

(४) कुनै सशस्त्र वन रक्षकले जानाजान आफ्नै गम्भीर लापरवाहीले गर्दा अङ्गभङ्ग भएको वा चोट पटक लागेको कारणले अशक्त भएकोमा भने यस नियम बमोजिमको सुविधा पाउने छैन।

(५) उपनियम (१) बमोजिम चोट पटक लाग्न गई उपचार गराउँदा लाग्ने खर्चको पूरा रकम सम्बन्धित सशस्त्र वन रक्षकले पाउनेछ र यस्तो उपचार खर्च नियम ७३ बमोजिम पाउने उपचार खर्चमा कट्टा गरिने छैन।

७५. <u>अङ्गभङ्ग भए वा चोटपटक लागे बापत पाउने सुविधाः</u> (१) कुनै सशस्त्र वन रक्षक आफ्नो कर्तव्य पालनको सिलसिलामा चोटपटक लाग्न गई सेवाबाट अवकाश लिनु नपर्ने भए तापनि सो चोटपटकको कारणबाट निजको क्षमता वृद्धिलाई बाधा पर्ने भएमा त्यस्तो सशस्त्र वन रक्षकलाई लागेको चोटपटकको अवस्था विचार गरी निजले खाइपाई आएको तलबको अन्तिम स्केलको तलबवृद्धि वा दशहजार रुपैयाँसम्म एकमुष्ट आर्थिक सहायता दिन सकिनेछ।

(२) उपनियम (१) बमोजिमको चोटपटकको उपचार गराउन आवश्यक पर्ने अबधिभरको निमित्त सशस्त्र वन रक्षकले निजको कुनै पनि सञ्चित बिदाबाट कट्टा नहुने गरी पूरा तलब सहितको थप बिरामी बिदा पाउनेछ।

(३) उपनियम (२) बमोजिम उपचार गराउँदा लागेको उपचार खर्चको पूरा रकम त्यस्तो सशस्त्र वन रक्षकले पाउनेछ। यस्तो उपचार खर्च नियम ८२ बमोजिम पाउने उपचार खर्चमा कट्टा गरिने छैन।

(४) कुनै सशस्त्र वन रक्षकले जानाजान आफ्नै गम्भिर लापरवाहीले गर्दा अङ्गभङ्ग भएको वा चोटपटक लागेको कारणले अशक्त भएकोमा भने यस नियम बमोजिमको सुविधा पाउने छैन।

७६. <u>असाधारण पारिवारिक वृत्ति र उपदानः</u> (१) कुनै सशस्त्र वन रक्षक आफ्नो कर्तव्य पालन गद वा तालिम लिंदा तत्कालै मृत्यु भएमा वा त्यसैको कारणबाट निको नहुँदै मृत्यु भएमा निजको नोकरी जतिसुकै वर्ष पुगेको भए तापनि मृतक सशस्त्र वन रक्षकको परिवार मध्ये सबैभन्द

(३) नियम ७१ वा ७४ बमोजिमको अवस्थामा परी कुनै सशस्त्र वन रक्षक अशक्त भएमा वा मृत्यु भएमा त्यस्तो अशक्त वा मृतक देहाएका सशस्त्र वन रक्षकको बढीमा दुई सन्ततिलाई अठार वर्षको उमेर पूरा नभएसम्म देहाय बमोजिमको दरले वार्षिक शैक्षिक वृत्ति दिइनेछः-

(क) अधिकृत स्तरका कर्मचारीको प्रत्येक सन्तानलाई दुई हजार चार सय रुपैयाँ।

(ख) जुनियर अधिकृत स्तरका प्रत्येक सन्तानलाई दुई हजार रुपैयाँ।

(ग) सहायक स्तरका कर्मचारीको प्रत्येक सन्तानलाई एक हजार आठ सय रुपैयाँ।

७८. <u>समान सुविधा उपलब्ध हुने</u>: (१) यो नियमावली प्रारम्भ हुनुभन्दा अघि कुनै सशस्त्र वन रक्षक नियम ७४ वा ७६ बमोजिमको अवस्था परी अशक्त भएको वा मृत्यु भएको भए त्यस्तो सशस्त्र प्रहरी कर्मचारी वा निजको परिवारले नियम ७४, ७६ र ७७ मा उल्लिखित सुविधा यो नियम प्रारम्भ भएपछि दोहोरो नहुने गरी समान रूपमा पाउनेछन्।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै सशस्त्र प्रहरी कर्मचारीको परिवारलाई ७३ वा ७४ वा ७६ बमोजिम प्राप्त हुने पारिवारिक निवृत्तभरण मध्ये कुनै एक पारिवारिक निवृत्तभरण मात्र प्राप्त हुनेछ।

७९. <u>समितिको व्यवस्था</u>: नियम ७४ वा ७५ वा ७६ बमोजिमको अवस्थामा परी कुनै सशस्त्र वन रक्षक आजीवन अशक्त भएमा वा चोटपटक लागी उपचार गर्ने पैसा वा मृत्यु भएमा निजको परिवार वा सन्ततिले पाउने वृत्ति वा उपदानको सम्बन्धमा सिफारिस गर्ने देहाय बमोजिमको समिति रहनेछः-

**(क) काठमाडौं उपत्यकामा कार्यरत सशस्त्र वन रक्षकको हकमाः**

(१) सचिवले तोकेको सम्बन्धित राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत -अध्यक्ष

(२) अर्थ मन्त्रालयको प्रतिनिधि -सदस्य

(३) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रतिनिधि -सदस्य

(४) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको चिकित्सक प्रतिनिधि -सदस्य

(५) विभागको प्रतिनिधि -सदस्य

**(ख) काठमाडौं उपत्यका बाहिर कार्यरत सशस्त्र वन रक्षकको हकमाः**

(१) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी -अध्यक्ष

(२) सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि -सदस्य

(३) सम्बन्धित जिल्लाको सरकारी अस्पताल वा स्वास्थ्य केन्द्रको चिकित्सक प्रतिनिधि -सदस्य

(४) सम्बन्धित सशस्त्र वन रक्षक कार्यरत रहेको कार्यालयको प्रमुख वा निजले तोकेको प्रतिनिधि -सदस्य

सचिव

कृषि, वन तथा पर्यावरण मन्त्रालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

खर्च बापत बिरामी सशस्त्र वन रक्षकले नियम अनुसार पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम।

स्पष्टिकरणः यस उपनियमको प्रयोजनको लागि "स्वीकृत चिकित्सक" भन्नाले सरकारी सेवामा रहेका वा प्रचलित कानुन बमोजिम चिकित्सकको रूपमा दर्ता भएका डाक्टर, कविराज, हेल्थ असिस्टेन्ट वा वैद्य समेतलाई जनाउँछ।

(३) यस नियम बमोजिम पाउने उपचार खर्च कुनै सशस्त्र वन रक्षकले पेस्कीको रूपमा लिन चाहेमा र सोको कारण मनासिब देखिए यस नियमको अधीनमा रही पछि हिसाब बुझाउने गरी पेस्की दिन सकिनेछ। त्यसरी पेस्की दिएको रकम पछि हिसाब गर्दा उपचार बापत पाउने रकमभन्दा बढी हुन आएमा बढी भए जति रकम सम्बन्धित सशस्त्र वन रक्षकको तलबबाट किस्ताबन्दीमा कट्टा गरिनेछ। त्यसरी कट्टा गर्नुपर्ने रकम भुक्तान नहुँदै सम्बन्धित सशस्त्र वन रक्षक वा निजको परिवारको सदस्यको मृत्यु भएमा सो कट्टा गर्न बाँकी रहेको रकम मिनाहा हुनेछ।

(४) झुट्टा व्यहोरा पेस गरी यस नियम बमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने सशस्त्र वन रक्षकलाई विभागीय कारवाही हुनेछ र त्यस्तो झुट्टा व्यहोरा प्रमाणित गर्ने स्वीकृत चिकित्सकको विवरण सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

(५) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त गरिएकोमा बाहेक अन्य अवस्थामा सेवाबाट अलग हुने सशस्त्र वन रक्षकले यस नियम बमोजिम सेवा अवधि भरमा पाउने उपचार खर्च मध्ये केही लिई वा नलिई उपचार खर्च लिन बाँकी रहेको भए त्यस्तो बाँकी रकम एकमुष्ट लिन पाउनेछ।

(६) बिस वर्ष, पच्चिस वर्ष वा सोभन्दा बढी सेवा अवधि पूरा गरी सेवाबाट अलग भएको सशस्त्र वन रक्षकले उपनियम (५) बमोजिम पाउने उपचार खर्चमा लिन बाँकी रकमको क्रमशः दश, पन्ध्र र बिस प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ट पाउनेछ।

(७) कुनै सशस्त्र वन रक्षक दश वर्षको सेवा अवधि नपुग्दै भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त गरिएकोमा बाहेक अरु जुनसुकै व्यहोराबाट सेवाबाट अलग भएमा पनि यस नियम बमोजिम पाउने रकमलाई दश वर्ष सेवा गरे बापत पाउने रकम मानी दामासाहीले हुन आउने रकम मात्र दिइनेछ।

(८) यस नियम बमोजिम स्वास्थ्य संस्थामा भर्ना भई वा विदेशमा गई उपचार गराउनु पर्दा बाहेक सशस्त्र वन रक्षकलाई आफ्नो परिवार र आफ्नो निमित्त समेत गरी एक वर्षमा निजले खाइपाई आएको दुई महिनाको तलब बराबरको रकमभन्दा बढी उपचार खर्च दिइने छैन।

(९) यस नियम बमोजिम सशस्त्र वन रक्षकले पाएको उपचार खर्चको विवरण खर्च लेखे कार्यालयले अनुसूची -८ बमोजिम सशस्त्र वन रक्षकको व्यक्तिगत अभिलेखमा राखी राष्ट्रिय किताबखाना (निजामती) मा समेत पठाउनु पर्नेछ।

(१०) साधन विहीन दुर्गम क्षेत्रमा कार्यरत रहेका सशस्त्र वन रक्षकलाई लागेको रोग स्थानीय स्वास्थ्य केन्द्रबाट उपचार हुन नसकी ज्यान समेत जोखिम हुने अवस्था परेको कुरा

८६. **सङ्घ संस्था खोल्न वा सदस्यता लिन नहुने:** सशस्त्र वन रक्षकले कुनै किसिमको सङ्घ संस्था खोल्न वा त्यस्ता सङ्घ संस्थाको सदस्यता लिनु हुँदैन।

८७. **राजनीतिमा भाग लिन नहुने:** सशस्त्र वन रक्षकले कुनै राजनितिक दल खोल्न, राजनीतिक संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनीतिक संस्थाको सहायताका लागि चन्दा दिन वा कुनै राजनीतिक संस्था वा आन्दोलनमा अन्य कुनै प्रकारले सहभागी हुनु हुँदैन।

८८. **सरकारको आलोचना गर्न नहुने:** (१) नेपाल सरकारको नीति बिरुद्ध हुने गरी वा नेपाल सरकार र नेपाली जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल् पर्न सक्ने गरी सशस्त्र वन रक्षकले आफ्नो वास्तविक वा बेनामी रूपमा कुनै लेख प्रकाशित गर्न, काल्पनिक नामबाट सञ्चार माध्यममा खबर दिन वा कुनै वक्तव्य प्रकाशित गर्न हुँदैन।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुन र नेपाल सरकारको नीति विपरीत नहुने गरी लेख प्रकाशन वा प्रशारण गर्न बाधा पर्ने छैन।

८९. **सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गर्नमा प्रतिवन्ध:** सशस्त्र वन रक्षकले आफ्नो कर्तव्यको पालन गर्दा जानकारीमा आएको कुनै गोप्य सूचना वा आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार नेपाल सरकारको अख्तियारी विना प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अरु अनधिकृत कर्मचारी, सशस्त्र वन रक्षक वा गैरसरकारी व्यक्ति वा प्रेसलाई वा सामाजिक संजालमा सम्प्रेषण गर्नु हुँदैन। यो प्रतिबन्ध जुनसुकै कारणबाट सेवाबाट अलग रहेको व्यक्तिको हकमा समेत लागु हुनेछ।

९०. **दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिनमा प्रतिबन्ध:** (१) कुनै पनि सशस्त्र वन रक्षकले नेपाल सरकारको पूर्वस्वीकृति बिना आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कसैबाट कुनै प्रकारको दान, दातव्य, कोशेली, उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापटी लिन हुँदैन।

(२) सशस्त्र वन रक्षकलाई कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले नेपाल सरकारलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नु पर्नेछ।

९१. **निर्वाचनमा भाग लिन नहुने:** सशस्त्र वन रक्षकले कुनै राजनीतिक पदका लागि हुने निर्वाचनमा भाग लिन, कसैको निमित्त मत माग्न वा कुनै प्रकारको प्रभाव पार्न हुँदैन।

तर प्रचलित कानुन बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न यस नियमले रोक लगाएको मानिने छैन।

९२. **प्रदर्शन, हडताल तथा घेराउ गर्नमा प्रतिवन्ध:** सशस्त्र वन रक्षकले नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी देशको शान्ति सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा तथ अदालतको अवहेलना हुने गरी विभिन्न जातजाति, धर्म, वर्ण, क्षेत्र र सम्प्रदायका मानिसबिच वैमनस्य उत्पन्न गराउने वा साम्प्रदायिक दुर्भावना फैलाउने गरी वा कुनै अपराधलाई प्रश्रय हुने गरी



सचिव

१००. <u>मानवअधिकार र लैङ्गिक विषयमा संवेदनशील हुनुपर्नेः</u> सशस्त्र वन रक्षकले मानव अधिकार र लैङ्गिक विषयमा संवेदनशील हुनुपर्नेछ।

१०१. <u>अन्य कुनै पनि मुलुकको स्थायी आवासीय अनुमति लिन नहुनेः</u> (१) सशस्त्र वन रक्षकले कुनै पनि विदेशी मुलुकको स्थायी आवासीय अनुमति, डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रिन कार्ड लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुँदैन।

(२) यो नियम प्रारम्भ हुनु अघि स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिएको प्रत्येक सशस्त्र वन रक्षक कर्मचारीले यो नियम प्रारम्भ भएको मितिले तिस दिनभित्र सोको स्वयम् घोषणा गरी देहाय बमोजिमको विवरण आफू कार्यरत कार्यालयमा पेस गर्नु पर्नेछः-

(क) आफ्नो नाम, थर, सेवा, समूह, उपसमूह र हालको पद।

(ख) स्थायी आवासीय अनुमति लिएको भए सो लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिएको भए सोको मिति।

(ग) सम्बन्धित विदेशी मुलुकको नाम।

(घ) आफूले लिएको स्थायी आवासीय अनुमति परित्याग गर्ने वा त्यस्तो अनुमतिको लागि दिएको आवेदन रद्द गराउन इच्छुक भए नभएको।

(३) कुनै सशस्त्र वन रक्षक कर्मचारीको सगोलको पति वा पत्नीले यो नियमावली प्रारम्भ हुनु अघि स्थायी आवासीय अनुमति लिएको भएमा यो नियम प्रारम्भ भएको मितिले तिस दिनभित्र र यो नियमावली प्रारम्भ भएपछि त्यस्तो अनुमति लिएमा अनुमति लिएको तिस दिनभित्र सम्बन्धित सशस्त्र वन रक्षक कर्मचारीले आफू कार्यरत कार्यालयमा देहाय बमोजिमको विवरण पेस गर्नु पर्नेछः-

(क) आफ्नो नाम, थर, सेवा, समूह, उपसमूह र हालको पद,

(ख) पति वा पत्नीले स्थायी आवासीय अनुमति लिएको मिति,

(ग) सम्बन्धित विदेशी मुलुकको नाम।

(४) उपनियम (१) वा (२) बमोजिमको विवरण प्राप्त भएपछि सम्बन्धित कार्यालयले सो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र विभागमा पठाउनु पर्नेछ।

## परिच्छेद-९

## <u>तालिम सम्बन्धी व्यवस्था</u>

१०२. <u>तालिमको व्यवस्थाः</u> (१) सशस्त्र वन रक्षकलाई कार्यकुशल एवं दक्ष बनाउन विभागबाट आवश्यकता अनुसारका तालिममा समावेश गराइनेछ।

(२) एकै पटक नियुक्ति वा बढुवा भएका सशस्त्र वन रक्षकलाई आन्तरिक तालिमम मनोनयन गर्दा साधारणतयाः समान अवसर प्राप्त हुने गरी गर्नु पर्नेछ।

(४) सशस्त्र वन रक्षकको आधारभूत तालिममा असफल हुने प्रशिक्षार्थीलाई पुनः एक पटक तालिममा सहभागी हुने मौका दिइनेछ र त्यसमा पनि असफल भएमा निजको नियुक्ति बदर गरिनेछ।

१०५. <u>वैदेशिक तालिममा मनोनयनः</u> (१) अधिकृत पदको सशस्त्र वन रक्षकलाई वैदेशिक तालिमको लागि मनोनयन गर्न ज्येष्ठता, अनुभव, शैक्षिक योग्यता, कार्यसम्पादन र कार्यक्षमताको आधारमा विभागबाट मन्त्रालयमा सिफारिस गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम सिफारिस भएका उम्मेदवारको मनोनयन मन्त्रालयको सचिवबाट स्वीकृत हुनेछ।

(३) उपनियम (२) बमोजिम वैदेशिक तालिममा भाग लिई फर्केका सशस्त्र वन रक्षकलाई कम्तीमा एक वर्ष तालिमसँग सम्बन्धित कामामा लगाउनु पर्नेछ।

सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(झ) मानवअधिकारको उल्लङ्घन एवं लैङ्गिक हिंसा वा घरेलु हिंसा हुने कार्य गरेको भनी अदालतबाट कैदको सजाय भएमा।

(२) देहायको कुनै अवस्थामा सशस्त्र वन रक्षकलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त गर्न सकिनेछः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(ख) भ्रष्टाचार गरेको प्रमाणित भएमा,

(ग) सशस्त्र विद्रोहमा सरिक भएमा,

(घ) आफ्नो जिम्मामा रहेको हातहतियार र खरखजाना बेचबिखन गरेमा वा कुनै प्रकारले अरु कसैलाई सुम्पिएमा वा आफूले जिम्मा लिइराखेको हातहतियार खरखजाना लिई भागेमा,

(ङ) दुर्लभ वन्यजन्तुको शिकार, अखेटोपहार तस्करी वा वन पैदावारको चोरी निकासी गर्ने वा गराउने जस्ता प्रतिवन्धित कार्यहरूमा संलग्न रहेमा।

१०९. <u>विभागीय सजाय दिने र पुनरावेदन सुन्ने अधिकारीः</u> (१) देहायका सशस्त्र वन रक्षकलाई ऐनको दफा ४७ (१) को खण्ड (क) बमोजिमको सजायको आदेश दिने अधिकार देहाय बमोजिमका अधिकारीलाई हुनेछः-

| दर्जा | नसिहत दिने वा चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने | बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने |
|---|---|---|
| (१) डिभिजन वन कार्यालय र मातहत कार्यरत सहायकस्तरका सशस्त्र वन रक्षक | डिभिजनल वन अधिकृत | दुई तलब वृद्धि रोक्का वा बढीमा दुई वर्षसम्म बढुवा रोक्का गर्ने डिभिजनल वन अधिकृत र सोभन्दा बढी अवधिको हकमा महानिर्देशक |
| (२) डिभिजन वन कार्यालय र मातहत कार्यरत अधिकृतस्तरका सशस्त्र वन रक्षक | डिभिजनल वन अधिकृत | महानिर्देशक |
| (३) वृक्ष सुधार तथा भूपरिधि कार्यालयमा कार्यरत सहायकस्तरका सशस्त्र वन रक्षक | कार्यालय प्रमुख | दुई तलब वृद्धि रोक्का वा बढीमा दुई वर्षसम्म बढुवा रोक्का गर्ने डिभिजनल वन अधिकृत र सोभन्दा बढी अवधिको हकमा महानिर्देशक |



सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| अन्य अधिकृतस्तरका सशस्त्र वन रक्षक | | |
| (१२) सशस्त्र वन रक्षक प्रमुख सेनानी | महानिर्देशक | महानिर्देशक |

(२) देहायका सशस्त्र वन रक्षकलाई ऐनको दफा ४७ को उपदफा (१) को खण्ड (ख) बमोजिमको सजायको आदेश दिने अधिकार देहाय बमोजिमका अधिकारीलाई हुनेछः-

(क) अधिकृतस्तरका सशस्त्र वन रक्षकलाई सचिव,

(ख) जुनियर अधिकृत र सहायकस्तरका सशस्त्र वन रक्षकलाई महानिर्देशक।

(३) विभागीय सजायको आदेश दिन पाउने अधिकारीले दिएको विभागीय सजायको आदेश उपर प्रशासकीय अदालतमा पुनरावेदन लाग्नेछ र प्रशासकीय अदालतले गरेको निर्णय अन्तिम हुनेछ।

११०. <u>निलम्बन गर्नेः</u> (१) कुनै सशस्त्र वन रक्षकको सम्बन्धमा नियम १०६ मा लेखिएको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा जाँचबुझ समाप्त नहुन्जेलसम्म त्यस्तो सशस्त्र वन रक्षकलाई सजायको आदेश दिन पाउने अधिकारीले निलम्बन गर्न सक्नेछ।

तर देहायको अवस्था नभई साधारणतया निलम्बन गरिने छैनः-

(क) निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा झुठ्ठा सबुद प्रमाण सङ्कलन गर्न सक्ने वा आफ्नो विरुद्धको सबूद प्रमाण गायब गर्न सक्ने देखिएमा, वा

(ख) निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा सरकारी हानिनोक्सानी हुने सम्भावना देखिएमा।

(२) सशस्त्र वन रक्षकलाई सेवाबाट हटाउने वा वर्खास्त गर्ने अभियोगको सूचना दिनुको साथै निजलाई सजायको आदेश दिन पाउने अधिकारीले निलम्बन समेत गर्न सक्नेछ।

(३) उपनियम (१) बमोजिम कुनै सशस्त्र वन रक्षकलाई निलम्बन गर्दा दुई महिनाभन्दा बढी गर्नु हुदैन। सो अवधि भित्रै निज उपरको कारबाही किनारा लगाउनु पर्नेछ। कुनै असाधारण अवस्था परी उक्त अवधिभित्र कारबाही किनारा लगाउन नसकिने भई निलम्बनको अवधि बढाउनु परेमा अख्तियारवालाको पूर्व स्वीकृति लिई एक महिनासम्म बढाउन सकिनेछ।

(४) यस नियमावली बमोजिम गरिएको कारवाहीको परिणाम स्वरूप निलम्बनमा परेको अवस्थामा बाहेक सशस्त्र वन रक्षकले आफ्नो काम कारबाहीको कारणले कुनै अभियोगमा गिरफ्तार भई थुनामा परेमा त्यसरी थुनामा परेको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ।

(५) कुनै सशस्त्र वन रक्षकलाई निलम्बन गर्नु परेमा सजायको आदेश दिन पाउने अधिकारीले निलम्बनपत्र र नियम ११० को उपनियम (१) बमोजिम सफाइ पेस गर्न लेखिएको पत्र सम्वन्धित सशस्त्र वन रक्षकलाई बुझाउनु पर्नेछ।



सचिव

(ख) भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको सशस्त्र वन रक्षकलाई विभागीय सजाय गर्नु परेमा,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी कसुरदार प्रमाणित भएको आधारमा कुनै सशस्त्र वन रक्षकलाई विभागीय सजाय गर्नु परेमा,

(घ) भ्रष्टाचारको आरोपमा अदालतबाट कसुरदार ठहरिएको सशस्त्र वन रक्षकलाई विभागीय सजाय गर्नु परेमा।

११५. <u>विशेष सजायको आदेश दिनुभन्दा पहिले सजाय प्रस्ताव गर्नुपर्ने:</u> विशेष सजायको आदेश दिनुभन्दा पहिले विभागीय सजायको आदेश दिन पाउने अधिकारीले नियम ११२ बमोजिम सफाइ पेस गर्न दिइएको म्यादभित्र सफाइ पेस नगरेमा वा पेस हुन आएको सफाइ सन्तोषजनक नभएमा त्यस्तो सशस्त्र वन रक्षकलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिने भनी त्यस सम्बन्धमा उचित म्याद दिई स्पष्टीकरण मागनु पर्नेछ।

११६. <u>सफाइ सन्तोषजनक नहुनाको कारण खुलाउनु पर्ने:</u> सजायको आदेश दिन पाउने अधिकारीले कुनै सशस्त्र वन रक्षकसँग नियम ११५ बमोजिम स्पष्टीकरण माग गर्दा त्यस अघि नियम ११२ को उपनियम (१) बमोजिम पेस हुन आएको सफाइ सन्तोषजनक नभएमा त्यसको कारण पनि खुलाउनु पर्नेछ। त्यस्तो सशस्त्र वन रक्षकको सम्बन्धमा नियम ११२ को उपनियम (२) बमोजिम विभागीय जाँचबुझ गराइएको भए सो को नतिजा आधार र कारणसमेत उल्लेख गरी प्रस्तावित सजायको औचित्य पनि उक्त स्पष्टीकरणमा खुलाउनु पर्नेछ।

११७. <u>सजायको आदेश र नक्कल सम्बन्धी कार्यविधि:</u> (१) सशस्त्र वन रक्षक उपर कुनै विभागीय सजायको निर्णय गर्दा सजायको आदेश दिन पाउने अधिकारीले सम्बन्धित सशस्त्र वन रक्षकलाई सफाइ वा स्पष्टीकरण पेस गर्न पर्याप्त मौका प्रदान भए नभएको समेत विचार गरी निज सशस्त्र वन रक्षकबाट पेस भएको सफाइ, स्पष्टीकरण तथा उपलब्ध सम्पूर्ण सबूद प्रमाणको सम्पूर्ण मूल्याङ्कन गरी स्पष्ट कारण खुलाई निर्णय गर्नु पर्ने छ। यसरी सजायको आदेश दिन पाउने अधिकारीले सजायको आदेशको सम्बन्धमा आफ्नो स्पष्ट राय साथ अनुसुची-९ बमोजिम निर्णय गर्नु पर्नेछ।

(२) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सशस्त्र वन रक्षकलाई एउटा सजाय प्रस्तावित गरी सफाइको स्पष्टीकरण माग गरेर पछि अर्को सजाय दिने गरी निर्णय गर्नु हुँदैन।

तर कुनै कारण परी घटी वा बढी सजाय गर्नु परेमा पुनः नियम ११२ र ११५ को कार्यविधि पूरा गर्नु पर्नेछ।

(३) सजायको आदेश दिन पाउने अधिकारीले उपनियम (१) बमोजिम कुनै पनि सशस्त्र वन रक्षकलाई विभागीय सजाय दिने निर्णय गर्दा निर्णय मितिभन्दा पहिले देखि नै लागु हुने गरी निर्णय गर्नु हुँदैन।

(२) हतियार तथा एम्युनिशनको लगत सशस्त्र वन रक्षकको स्थानीय युनिटले नियमित रूपमा नेपाली सेनाको नजिकको युनिटलाई समेत उपलव्ध गराउनुपर्नेछ। नेपाली सेनाले त्यस्ता हतियार तथा खर खजानाहरूको आवधिक निरीक्षण गर्न सक्नेछ।

(३) उपनियम (१) बमोजिम सशस्त्र वन रक्षकलाई उपलब्ध गराइएको हातहतियार, गोलीगट्ठा तथा सोसँग सम्बन्धित अन्य सामग्रीको सुरक्षा सम्बन्धित सशस्त्र वन रक्षक आफैले गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम उपलब्ध गराइएको हातहतियार, गोलीगट्ठा तथा सोसँग सम्बन्धित अन्य सामग्रीको अद्यावधिक विवरण राखु पर्नेछ।

(५) उपनियम (३) बमोजिमको विवरणमा अन्य कुराको अतिरिक्त के, कति संख्या वा परिमाणको हात हतियार, गोलीगट्ठा वा सोसँग सम्बन्धित अन्य सामग्री सम्बन्धित सशस्त्र वन रक्षकको जिम्मा रहेको हो र के कति संख्या वा परिमाण के कस्तो प्रयोजनका लागि खर्च भएको हो वा नासिएको हो सो को अद्यावधिक विवरण तयार गरी सम्बन्धित कार्यालयको सिफारिसमा मासिक रूपमा विभागमा पठाई महानिर्देशकबाट खर्चको सर्मथन गराउनु पर्नेछ। विभागले सोको जानकारी नेपाली सेनालाई समेत दिनुपर्नेछ।

१२१. <u>लगत किताब खडा गर्ने:</u> सशस्त्र वन रक्षक कार्यालयमा नगदी एक, जिन्सीको एक र कागज पत्रको एक गरी कुल तीन लगत किताब खडा गरी राखिनेछ र हाल साविक हुँदा सोही किताबको आधारमा बरबुझारथ गरिनेछ।

१२२. <u>पाँच वर्षसम्म नोकरी छाड्न नपाउने:</u> कुनै पनि सशस्त्र वन रक्षकले सुरु नियुक्ति भएको पाँच वर्ष सम्म नोकरी छोड्न पाउने छैन।

तर कुनै सशस्त्र वन रक्षकलाई मनासिब माफिकको कारण परी नोकरी नछोडी नहुने अवस्था परेमा निजले कारण खोली अख्तियारवाला समक्ष निवेदन गर्नुपर्नेछ र अख्तियारवालाले मनासिब सम्झेमा सशस्त्र वन रक्षकलाई नोकरी छाड्न अनुमति दिन सक्नेछ।

१२३. <u>राशन सुविधा:</u> सशस्त्र वन रक्षकको राशन सुविधा नेपाली सेना सरह हुनेछ।

१२४. <u>बिमा सम्बन्धी व्यवस्था:</u> (१) सशस्त्र वन रक्षक कर्मचारीको बिमा बापत नेपाल सरकारले एउटा सावधिक जीवन बिमा कोष स्थापना गर्नेछ र सो प्रयोजनको लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गरी स्वदेशभित्र रहेका कुनै बिमा कम्पनी वा प्रचलित कानुन बमोजिम गठन भएको संस्थालाई सो कम्पनी वा संस्थाको कारोबार, वित्तीय क्षमता समेत विचार गरी सावधिक जीवन बिमा सञ्चालनको लागि तोक्न सक्नेछ।

(२) प्रत्येक सशस्त्र वन रक्षक कर्मचारीको मासिक तलबबाट दुई सय रुपैयाँ कट्टा गरी उपनियम (१) बमोजिमको कोषमा जम्मा गरिनेछ र त्यति नै रकम नेपाल सरकारले थप गरी विमाङ्क रकम एक लाख रुपैयाँको बिस वर्षे सावधिक जीवन बिमा गरिनेछ। सो बिमा कोषमा जम्मा भएको रकम मध्येबाट सशस्त्र प्रहरी कर्मचारी सेवा निवृत्त हुँदा निजलाई बिमाङ्क रकम र वोनस भुक्तानी दिइनेछ।

१२६. <u>थप आर्थिक सहयोग सम्बन्धी व्यवस्था</u>: सशस्त्र वन रक्षक सरकारी कामको सिलसिलामा गस्तीमा रहँदा वा कार्यालयमा रहँदा जंगली जनावरहरूको आक्रमण, हतियार कब्जा गर्ने उद्देश्यले आएका आतंककारीको आक्रमण, काठ तस्करको आक्रमणमा परी ज्यान गुमाएको खण्डमा निजको परिवारलाई नेपाल सरकारले सहयोग स्वरूप थप दश लाख रुपैयाँ प्रदान गर्नेछ।

१२७. <u>बुझबुझारथ गर्नुपर्ने</u>: कुनै पनि सशस्त्र वन रक्षकले आफ्नो बुझाउनु पर्ने नगद, जिन्सी वा कागजात तोकिएको म्यादभित्र सम्बन्धित सशस्त्र वन रक्षकलाई बुझाई दिनु पर्नेछ र बुझ्नु पर्नेले पनि सोही म्यादभित्र बुझी लिनु पर्नेछ।

१२८. <u>सेवामा पुनः कायम भए पछि पूरा तलब भत्ता पाउने</u>: कुनै सशस्त्र वन रक्षकलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने निर्णय वा आदेश बदर भई निज सेवामा पुनः कायम भएमा सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि पुनः कायम भएको मितिसम्मको पूरा तलब भत्ता र तलब वृद्धि पाउने भए तलब वृद्धि समेत निजले पाउनेछ।

१२९. <u>अधिकार प्रत्यायोजन</u>: यो नियमावली बमोजिम कुनै निकाय वा अधिकारीले आफूलाई प्राप्त भएको अधिकारमध्ये सबै वा केही अधिकार मातहत निकाय वा अधिकृतस्तरका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१३०. <u>आचार संहिता बनाउने</u>: विभागले सशस्त्र वन रक्षकका लागि आचारसंहिता बनाई लागु गर्न सक्नेछ।

१३१. <u>अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने</u>: मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर तथा थपघट गर्न सक्नेछ।

१३२. <u>बचाउ</u>: यो नियमावली प्रारम्भ हुनु अगावै कार्यरत रहेका सशस्त्र वन रक्षक यसै नियमावली बमोजिम नियुक्ति भएको मानिनेछ।

सचिव

अनुसूची-१

(नियम १० सँग सम्बन्धित)

शपथ ग्रहण

म...............................................ईश्वरको नाममा शपथ लिन्छु/सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु कि सशस्त्र वन रक्षकको हैसियतले मलाई तोकिएको काम तथा कर्तव्य मेरो ज्ञान, विवेकले जाने बुझेसम्म इमान, धर्म तथा कर्तव्य सम्झी देश र सरकारप्रति बफादार रही भय, पक्षपात या द्वेष नराखी लोभ लालच मोलाहिजा नगरी अनुशासनमा रही वन ऐन, २०७६, सशस्त्र वन रक्षक नियमावली, २०८३ तथा प्रचलित कानुनको व्यवस्थाको अधीनमा रही पालन गर्नेछु। मलाई ज्ञात हुन आएको कुनै सरकारी गोप्य कुरा अधिकृत व्यक्तिलाई बाहेक अरु कसैलाई म सेवामा बहाल रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपले भन्ने वा सङ्केत गर्ने छैन।

शपथ ग्रहण गर्ने सशस्त्र वन रक्षकको

(क) नामः-

(ख) दस्तखतः-

(ग) मिति-

(घ) श्रेणीः-

(ङ) पदः-

शपथ ग्रहण गरेको प्रमाणित गर्ने अधिकारीको

(क) नामः-

(ख) दस्तखतः-

(ग) मितिः-

(घ) पदः-

(ङ) कार्यालयः-

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

३. नेपाली नागरिक,

४. पुरुषको हकमा कम्तीमा पाँच फिट तीन इन्च र महिलाको हकमा कम्तीमा चार फिट दश इन्च उचाइ भएको,

५. पुरुषको हकमा कम्तीमा पचास के.जी. र महिलाको हकमा कम्तीमा चालीस के.जी. तौल भएको,

६. पुरुषको हकमा छाती नफुलाउँदा एकतिस इन्च र फुलाउदा तेत्तीस इन्च भएको,

७. आँखा माइनस दुई वा प्लस दुईभन्दा बढी कमजोर नभएका,

८. स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र प्राप्त भएका,

९. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएका,

१०. राजनीतिमा नलागेका,

११. आतङ्ककारी सङ्गठनको सदस्य नभएका,

१२. भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नगरिएका।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सालः महिनाः गतेः जिल्लाः गाउँ/नगर पालिकाः

६. नारिकताः जात धर्म गाउँ/टोल

८. लिङ्गः कर्मचारीको निजसँग सम्बन्धः

२०. नियुक्तिको विवरणः

कार्यालयको नामः

पदः

श्रेणीः

सेवा/समूह.

नियुक्ति मितिः

साल .......महिना .......गते

२१. यस अघि सरकारी सेवामा रही स्थायी पदमा काम गरेको भए सो को विवरणः-
कार्यालयको नामः
पदः
श्रेणीः
नियुक्ति मितिः
छोडेको मितिः
माथि लेखिएको विवरण ठिक छ। सरकारी सेवाको निमित्त अयोग्य हुनेगरी मलाई कुनै सजाय भएको छैन। कुनै कुरा झुठो लेखिएको वा जानाजानी साँचो कुरा दबाउने लुकाउने उद्देश्यले लेखिएको ठहरे कानुन बमोजिम सजाय स्वीकार गर्नेछु भनी सही छाप गर्नेः-

शसस्त्र वन रक्षकको दस्तखतः प्रमाणित गर्ने कार्यालय



सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

फाराम नं. २

## सेवाको विवरण

शसस्त्र वन रक्षकको नामः सङ्केत नं..

| क्र. सं. | सेवा | पदको नाम | श्रेणी | कार्यालयको नाम | नयाँ नियुक्ति सरुवा, बढुवा | बहाली मिति | निर्णय मिति | तलब | भत्ता | किताब दर्ता पाना नं. (निजामती किताबखानाले भर्ने) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 01 | 02 | 03 | 04 | 05 | 06 | 07 | 08 | 09 | 10 | 11 | 12 |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

फारम नं. ४

## नेपाल सरकारबाट प्राप्त विभूषण तथा प्रशंसापत्र

शसस्त्र वन रक्षकको नामः सङ्केत नं.. ....................

| क्र.सं. १ | विभूषण प्रशंसा पत्रको विवरण २ | प्राप्त मिति ३ | विभूषण/प्रशंसापत्र पाएको कारण ४ | सहुलियत ५ |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं

फाराम नं. ६

# बिदा र उपचार खर्चको विवरण

सङ्केत नं..

शसस्त्र वन रक्षकको नामः

| विवरण | घर बिदा | | | बिरामी | | | बिदा | | | प्रसूति बिदा | | | प्रसूति स्याहार बिदा | | | अध्ययन बिदा | | | असाधारण बिदा | | | गयल भएको अवधि | उपचार खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | | लिएको मिति | रकम | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-४

(नियम ३० को उपनियम (१) सँग सम्बन्धित)

## कार्यसम्पादन मल्याङ्कन फाराम

भाग-१

अधिकृतस्तरका सशस्त्र वन रक्षकको निमित

अवधि.................................मिति.......................................देखि.............................सम्म

नाम थर...............................सङ्केत नम्बर.........................दर्जा......................कार्यालय............

सुपरिवेक्षक समक्ष पेस गरेको गिति:

पुनरावलोकर्ता समक्ष पेस भएको मिति:

पुनरावलोकन समिति समक्ष पेस भएको मिति:

| क्र.सं. | व्यक्तिगत गुण, चरित्र, क्षमता र कार्यसम्पादन | सुपरिवेक्षकले प्रत्येक महलमा अधिकतम १.२५ अङ्कको दरले | पुनरवलोकनकर्ताले भर्ने प्रत्येक महलमा अधिकतम ०.५० अङ्कको दरले | पुनरावलोकन समितिले गर्ने प्रत्येक महलमा अधिकतम ०.२५ अङ्कको दरले | कैफियत |
|---|---|---|---|---|---|
| १. | अनुशासन र शिष्टता | | | | |
| २. | कामको परिमाण र स्तर | | | | |
| ३. | शारीरिक क्षमता र सहनशक्ति | | | | |
| ४. | इमान्दारी र नैतिकता | | | | |
| ५. | उत्तरदायित्व वहन गर्ने क्षमता | | | | |
| ६. | चालढाल | | | | |
| ७ | निर्णायक शक्ति र निर्भरता | | | | |
| ८ | परिस्थिति अनुसार काम गर्ने क्षमता | | | | |



सचिव

| | | |
|---|---|---|
| कार्यालय | कार्यालयः- | |
| दस्तखतः | दस्तखतः- | (क) |
| मितिः- | मितिः- | (ख) |
| दर्जाः | दर्जाः- | (ग) |
| कार्यालयः- | कार्यालयः- | |
| मितिः- | मितिः- | |

सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | व्यवसायिक ज्ञान र सीपको प्रयोग र कार्यकुशलता | | | | |
| ५. | नैतिकता र इमान्दारिता | | | | |
| ६. | लगनशील र शिष्टता | | | | |
| ७. | निर्देशन अनुसार काम गर्ने क्षमता | | | | |
| ८. | सेवा प्रति निष्ठा | | | | |
| ९. | स्थिति अनुसार काम गर्ने क्षमता र निर्णायक शक्ति | | | | |
| १०. | कामको स्तर र परिमाण | | | | |
| जम्मा | | | | | |
| कुल जम्मा | | अङ्कमा ........... | | (अक्षरमा............) | |

सुपरिवेक्षकको,
नामः-
दर्जा

पुनरवलोकनकर्ताको,
नामः
दर्जा

पुनरावलोकन समितिको पदाधिकारीको
नामः-
दर्जा

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(८) यो फाराम भर्ने प्रत्येक तहका मूल्याङ्कनकर्ताले फाराम भरेपछि नाम, दर्जा र मिति अनिवार्य रूपले उल्लेख गर्नु पर्नेछ।



सचिव

| | | | | |
|---|---|---|---|---|
| | | | | महानिर्देशक – सदस्य<br>प्रमुख सेनानी – सदस्य |
| ३ | उपसेनानी | प्रशासन शाखा प्रमुख | महानिर्देशक | मन्त्रालय र अन्तर्गतका अधिकृत कर्मचारीहरूको लागि गठित पुनरावलोकन समिति |
| ४ | सहायक सेनानी | उपसेनानी | उपमहानिर्देशक, विभाग | सचिव वा निजले तोकेको मन्त्रालयको सहसचिव – अध्यक्ष<br>महानिर्देशक -सदस्य<br>प्रमुख सेनानी - सदस्य |
| ५. | प्रमुख सुवेदार/सुवेदार / जमदार/हवल्दार/सिपाही | सहायक सेनानी | उपमहानिर्देशक, विभाग | महानिर्देशक -अध्यक्ष<br>उपमहानिर्देशक - सदस्य<br>उपसचिव (प्रा.),विभाग - सदस्य |



सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | | | प्रमुख सेनानी -सदस्य |
| ४ | सहायक सेनानी | उपसेनानी | उपमहानिर्देशक, विभाग | सचिव वा निजले तोकेको मन्त्रालयको सहसचिव - अध्यक्ष<br>महानिर्देशक -सदस्य<br>प्रमुख सेनानी -सदस्य |
| ५ | प्रमुख सुवेदार /सुवेदार /जमदार /हुद्दा/सिपाही | सहायक सेनानी | सेनानी | निर्देशक -अध्यक्ष<br>सेनानी -सदस्य<br>उपसेनानी -सदस्य |

(ग) सशस्त्र वन रक्षक गुल्ममा कार्यरत सशस्त्र वन रक्षकको लागि

| क्र.स. | पद | सुपरिवेक्षक | पुनरवलोकनकर्ता | पुनरावलोकन समिति |
|---|---|---|---|---|
| १ | उपसेनानी/ सहायक सेनानी | डिभिजन वन अधिकृत | महानिर्देशक | सचिव वा निजले तोकेको मन्त्रालयको सहसचिव -अध्यक्ष<br>महानिर्देशक -सदस्य<br>प्रमुख सेनानी -सदस्य |

अनुसूची-६

(नियम ३२ को उपनियम (१) सँग सम्बन्धित

<u>वर्गीकृत क्षेत्रको विभाजन</u>

(क) "क" वर्गमा पर्ने जिल्लाहरू: पहाडी जिल्लाहरू

(ख) "ख" वर्गमा पर्ने जिल्लाहरू: भित्री मधेशका जिल्लाहरू

(ग) "ग" वर्गमा पर्ने जिल्लाहरू: तराईका जिल्लाहरू

| क्र.सं. | कमान्डको क्षेत्र | प्रदान गरेको अङ्क | कैफियत |
|---|---|---|---|
| १ | कार्यसम्पादनको स्तर | | |
| २ | कमान्डरको भूमिका निर्वाह गर्ने र मातहतका कर्मचारीलाई काम काज लगाउन सक्ने क्षमताको स्तर | | |
| ३ | समस्या समाधान गर्ने क्षमताको स्तर | | |
| ४ | रिपोर्टिङको स्तर | | |
| ५ | गोपनीयताको स्तर | | |
| | जम्मा | | |

(२) खण्ड (१) मा उल्लिखित आधारमा अङ्क प्रदान गर्दा सबै आधारमा उत्कृष्ट क्षमता भएका सशस्त्र वन रक्षकलाई सोको कारण सहित पाँच अङ्क दिन सकिनेछ। यसरी अङ्क दिँदा जम्मा दुईभन्दा कम अङ्क दिनु पर्ने भएमा यसरी कम अङ्क दिनुको कारण समेत उल्लेख गर्नु पर्नेछ।

मूल्याङ्कनकर्ताको

नामथरः-

दर्जाः-

दस्तखतः-

कार्यालयः-

मितिः-

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची -९

(नियम १०९ को उपनियम (१) सँग सम्बन्धित)

**विभागीय सजायको आदेशको निर्णयको नमुना**

कार्यालय/तालिम केन्द्र/गुल्म/विभाग/मन्त्रालयका श्री .....................................ले गरेको सजाय आदेशको निर्णय फाराम

श्री ............................................

...................................कार्यालय/तालिम

केन्द्र/पोष्ट/विभागमा..................पदमा कार्यरत श्री ...................... (शसस्त्र वन रक्षक सङ्केत नं.....) ले जाँचबुझ गर्दा/गराउँदा...... देखिन आएकोले निज श्री .................. सँग सशस्त्र वन रक्षक सेवा नियमावली, २०७९ को नियम बमोजिम....... दिनको म्याद दिई सफाइ माग गरिएकोमा निजले पेस गरेको सफाइको व्यहोरा, सबुद......... कारणबाट सन्तोषजनक देखिएन। तसर्थ नियमावलीको नियम........... को ..........बमोजिमको कसुरमा नियमावलीको नियम को खण्ड..... बमोजिमको सजाय निजलाई किन नगर्ने ? सो गर्नु नपर्ने कुनै सबुद प्रमाण वा कारण केही भए......भित्र स्पष्टीकरण पेस गर्नु भनी नियमावलीको नियम बमोजिमको स्पष्टीकरण माग गरिएकोमा निजले...... भनी स्पष्टीकरण पेस गरेको देखियो। यस सम्बन्धमा सङ्कलन भएका कागजात, बुझिएका सबुद प्रमाण र पेस भएको स्पष्टीकरण उपर समेत विचार गर्दा ......सबुद प्रमाणबाट निज श्री.... ले नियमावलीको नियम .......बमोजिमको कसुर गरेको देखिएकोले निज श्री.....उपर नियमावलीको नियम.... को खण्ड.... को सजाय प्रस्तावित गरी सो सजाय गर्नको निमित्त लोकसेवा आयोगको ................को बाट परामर्श प्राप्त भए अनुरूप निज श्री...... लाई नियमावलीको नियम को खण्ड .......बमोजिम..... सजाय दिने निर्णय आदेश गरिएको छ। यो आदेशमा चित्त नबुझेमा नियम को म्यादभित्र प्रशासकीय अदालत समक्ष पुनरावेदन दिन सकिनेछ।

दस्तखत

मितिः-

सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची -११

(नियम १११ को उपनियम (२) सँग सम्बन्धित)

<u>सशस्त्र वन रक्षक अधिकृतदेखि सशस्त्र वन रक्षक सिपाहीसम्मको लागि प्रारम्भिक पोसाक र सामान</u>

(क) <u>व्यक्तिगत सामान:</u>

| क्र.स. | विवरण | संख्या | खपत अवधि |
|---|---|---|---|
| १. | गरम मौसमको टेरिकटन कमिज | १ वटा | १ वर्ष |
| २ | गरम मौसमको टेरिकटन पाइन्ट | १ वटा | १ वर्ष |
| ३. | चुस्ता (काव्याट ड्रेस) | १ जोर | १ वर्ष |
| ४. | सिठ्ठी | १ वटा | २ वर्ष |
| ५. | सिठ्ठी कर्ड | १ वटा | १ वर्ष |
| ६. | वेभ बेल्ट | १ वटा | ४ वर्ष |
| ७. | पी.टी. गन्जी/कट्टु | २ जोर | १ बर्ष |
| ८. | पी.टी. जुत्ता | १ जोर | १ वर्ष |
| ९. | बुट | १ जोर | १ वर्ष |
| १०. | सशस्त्र वन रक्षक कुमब्याज | १ जोर | १ वर्ष |
| ११. | टोनी ब्याज | १ | १० वर्ष |
| १२. | ऊनी कम्बल | २ | २ वर्ष |
| १३. | ग्राउण्ड सिट | १ | २वर्ष |
| १४. | लाइन डोरी | १० मिटर | ५ वर्ष |
| १५. | फरेसक्याप जाडो र गरम मौसमको (अधिकृतलाई मात्र) १ | ५ वर्ष | |



सचिव

कृषि, वन तथा पर्यावरण मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| १. | रेन सुट | १ | २ वर्ष |
| २. | सशस्त्र वन रक्षक व्याटन | १ | ५ वर्ष |
| ३. | सशस्त्र वन रक्षक होल्डर | १ | २ वर्ष |
| ४. | रिभल्भर पोज (अधिकृतहरूको लागि मात्र) | १ | ५ वर्ष |
| ५. | गोली पोज (अधिकृतहरूको लागि मात्र) | १ | ५ वर्ष |
| ६. | हेल्मेट | १ वटा | ५ वर्ष |
| ७. | वैव इक्यूपमेण्ट | १ | ४ वर्ष |
| ८. | क्यारियर सहितको पानी तुम्लेट | १ | ४ वर्ष |
| ९. | किट बक्स | १ | ३ वर्ष |

(ग) जाड़ो मौसमको पोसाकः-

| क्र.सं. | विवरण | संख्या | खपत अवधि |
|---|---|---|---|
| १. | ऊनी कमिज | २ | २ वर्ष |
| २. | ऊनी पाइन्ट | २ | २ वर्ष |
| ३. | क्याम कम्फोर्ट | १ | ४ वर्ष |
| ४. | ऊनी मोजा | २ जोर | १ वर्ष |
| ५. | ऊनी जर्सी | १ | १ वर्ष |
| ६. | ऊनी पन्जा | २ जोर | २ वर्ग |
| ७. | ऊनी टाउजर | २ | २ वर्ष |
| ८. | ऊनी गन्जी (हाइनेक) | २ | २ वर्ष |
| ९. | ज्याकेट (चुस्ता/वर्किङ ड्रेस) | १/१ | २ वर्ष |

(घ) अन्य सामानः (कार्यालय प्रयोजनको लागि)



सचिव

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

## परिच्छेद-१०

## विभागीय सजाय हुने अवस्था, प्रक्रिया तथा पुनरावेदन सम्बन्धी व्यवस्था

१०६. नसिहत दिने वा चाल चलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने: (१) सशस्त्र वन रक्षकले काममा लापरवाही गरेमा निजलाई नसिहत दिन सकिनेछ।

(२) उपनियम (१) बमोजिम नसिहत पाएको सशस्त्र वन रक्षकले पुनः काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ।

१०७. तलब वृद्धि रोक्का, बढुवा रोक्का, तलबवृद्धि घटुवा र सुरु स्केलमा घटुवा गर्ने: देहायको कुनै अवस्थामा सशस्त्र वन रक्षकलाई पाँच वर्षसम्म तलब वृद्धि वा पाँच वर्षसम्म बढुवा रोक्का, पाँच तलब वृद्धि घटुवा गर्न वा ज्येष्ठतासहित खाइपाई आएको सुरु स्केल घटुवा गर्न सकिनेछः-

(क) अनुशासनहीन काम गरेमा,

(ख) सरुवा गरिएको कार्यालयमा म्यादभित्र हाजिर नभएमा,

(ग) सन्तोषजनक काम नगरेमा,

(घ) आचरण सम्बन्धी नियमहरू उल्लङ्घन गरेमा,

(ङ) नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुट्टा कारण देखाएमा,

(च) नियम बमोजिम बरबुझारथ नगरेमा,

(छ) माथिल्लो दर्जाको अधिकारीले दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा,

(ज) मनासिब कारण नभई पूर्व स्वीकृति नलिई कार्यालयमा अनुपस्थित भएमा वा गैर हाजिर भएमा,

(झ) प्रचलित कानुनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा।

१०८. सेवाबाट हटाउने वा बर्खास्त गर्ने: (१) देहायको कुनै अवस्थामा सशस्त्र वन रक्षकलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछः-

(क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेमा,

(ख) तालिम अवधिमा लापरवाही देखाई आफ्नो व्यावसायिक ज्ञानप्रति उदासिनता तथा गैर जिम्मेवारी देखाएमा,

(ग) आचरण सम्बन्धी कुरा बारम्बार उल्लङ्घन गरेमा,

(घ) कार्यालय समयमा वा कार्यालयको समयको अघिपछि सशस्त्र वन रक्षक तालिम केन्द्र, सशस्त्र वन रक्षक गुल्म र गुल्मको वरिपरि पनि उर्दीको पोसाक लगाई मादक पदार्थ सेवन गरेमा,

(ङ) बारम्बार अनुशासनहीन काम गरेमा,

(च) राजनीतिमा भाग लिएमा,

(छ) बिदा स्वीकृति नगराई लगातार तिस दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(ज) आफ्नो पदको जिम्मेवारीको बारम्बार बेवास्ता गरेमा।



सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(३) अधिकृत, जुनियर अधिकृत तथा सहायकस्तरका सशस्त्र वन रक्षकको तालिमको पाठ्यक्रम, अवधि तथा तालिम दिने स्थान, प्रशिक्षक तथा अतिथि प्रशिक्षक सम्बन्धी व्यवस्था विभागले तोके बमोजिम हुनेछ।

(४) विभागलाई सशस्त्र वन रक्षकको तालिमको पाठ्यक्रम तयारी र तालिम सञ्चालन सम्बन्धी आवश्यक सहयोग चाहिएमा नेपाली सेनाबाट लिन सक्नेछ।

(५) तालिममा सम्मिलित गराइएको सशस्त्र वन रक्षकले तालिम अवधिमा लापरबाही देखाई आफ्नो व्यावसायिक ज्ञान प्रति उदासिनता तथा गैर जिम्मेवारी देखाएमा सोको व्यहोरा अभिलेखमा जनाइनेछ।

(६) उपनियम (५) बमोजिम अभिलेखमा जनाइएका सशस्त्र वन रक्षकलाई पुनः एक पटक तालिमको मौका दिइनेछ। त्यस पछि पनि उदासिनता तथा गैर जिम्मेवारी देखाउने सशस्त्र वन रक्षकलाई विभागीय कारवाही गरिनेछ।

(७) तालिम अवधिभित्र प्रशिक्षार्थीको आचरण र चरित्र सम्बन्धी अभिलेख सम्बन्धित तालिम केन्द्रले तयार गरी त्यसको एक प्रति विभागमा समेत पठाउनु पर्नेछ।

१०३. <u>आधारभूत तालिम सम्पन्न गर्नुपर्ने:</u> (१) खुल्ला प्रतियोगिताबाट छनौट भई नियुक्ति पाएका प्रत्येक सशस्त्र वन रक्षकले सो पदको निमित्त तोकिएको आधारभूत तालिममा सहभागी भई छ महिनाको तालिम सम्पन्न गरेको हुनुपर्नेछ।

(२) अधिकृतस्तर, जुनियर अधिकृतस्तरका सशस्त्र वन रक्षकलाई आधारभूत तालिम पहिलो पटक नेपाली सेनासँगको समन्वयमा गराई उक्त तालिमबाट शिक्षकको छनौट गरी दोस्रो पटकबाट अधिकृतस्तर र जुनियर अधिकृतस्तरका दर्जाको तालिम सशस्त्र वन रक्षक तालिम केन्द्रले सञ्चालन गर्नेछ।

(३) सहायकस्तरको तालिम सशस्त्र वन रक्षक तालिम केन्द्रले सञ्चालन गर्नेछ।

(४) आधारभूत तालिममा सफल भएका उम्मेद्वारहरूलाई मात्र दर्ज्यानी चिन्ह प्रदान गरिनेछ।

(५) शिक्षक कार्यमा खटिएका सवै दर्जाका सशस्त्र वन रक्षकहरूलाई नेपाली सेनासँगको समन्वयमा रिफ्रेसर तालिम वर्षको एक पटक गराइनेछ।

१०४. <u>परीक्षा सञ्चालनः</u> (१) यस नियमावली बमोजिम दिइने तालिम समाप्त भए पछि परीक्षा लिनको लागि सशस्त्र वन रक्षक प्रमुखले परीक्षा सञ्चालन समितिको गठन गर्नेछ।

(२) उपनियम (१) बमोजिम गठित समितिलाई परीक्षा सञ्चालन गर्ने लगायतका तालिमको नतिजा प्रकाशन गर्ने सम्बन्धी सम्पूर्ण अधिकार हुनेछ।

(३) उपनियम (१) बमोजिम गठित समितिले तालिम केन्द्रका अधिकृतहरूलाई जुनसुकै स्थानमा गई परीक्षा लिनको लागि खटाउन सक्नेछ।

नेपाल सरकारको नीति वा नेपाल सरकारले दिएको निर्देशन विपरीत कुनै किसिमले विरोध प्रदर्शन गर्न, घेराउ गर्न, धर्ना बस्न, हड्तालमा भाग लिन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन।

९३. **कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यवसाय गर्न नहुने:** (१) सशस्त्र वन रक्षकले नेपाल सरकारको पूर्व स्वीकृति नलिई देहायका काम गर्नु हुँदैन:-

(क) कुनै बैंक वा कम्पनीको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन,

(ख) प्रचलित कानुन बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न,

(ग) अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र वन रक्षकले नेपाल सरकारको नीति विपरीत नहुने गरी साहित्यिक, वैज्ञानिक, कलात्मक वा मानवीय सहयोगको कार्य गर्न सक्नेछ।

९४. **प्रभाव पार्न नहुने:** सशस्त्र वन रक्षकले आफ्नो नोकरी सम्बन्धी कुरामा मतलब साध्य गर्न आफूभन्दा माथिका अधिकृतमाथि कुनै प्रकारले अनुचित प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्न हुँदैन।

९५. **प्रतिनिधित्व गर्नमा प्रतिबन्ध:** सशस्त्र वन रक्षकले आफूलाई मर्का परेको विषयमा आफैंले वा वारेसद्वारा सम्बन्धित निकाय वा अधिकारीसमक्ष निवेदन दिन बाहेक अरू व्यक्ति वा समूह वा ट्रेड युनियनको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन।

९६. **सम्पत्ति विवरण पेस गर्नुपर्ने:** यो नियम प्रारम्भ हुँदाका बखत बहाल रहेको सशस्त्र वन रक्षकले यो नियम प्रारम्भ भएको मितिले साठी दिनभित्र तथा सेवामा नयाँ भर्ना हुने सशस्त्र वन रक्षकले नियुक्ति पाएको मितिले साठी दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र नेपाल सरकारले तोकेको अधिकारीसमक्ष आफ्नो र आफ्नो परिवारको सदस्यको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्तिको विवरण पेस गर्नु पर्नेछ।

९७. **सेवा वा पद अनुसारको आचरण पालना गर्नुपर्ने:** प्रत्येक सशस्त्र वन रक्षकले आफ्नो सेवा र पद अनुसारको आचरणको पालना गर्नु पर्नेछ।

९८. **रेडियो, टेलिभिजन वा पत्र पत्रिकासँग सम्पर्क राख्न नहुने:** सशस्त्र वन रक्षकले नेपाल सरकारको अनुमति प्राप्त नगरी आफ्नो वास्तविक वा काल्पनिक नामबाट अथवा बेनामी रूपबाट कुनै पनि पत्रपत्रिकामा कुनै लेख प्रकाशित गर्न अथवा रेडियो वा टेलिभिजनद्वारा प्रसारण गर्न हुँदैन।

तर त्यस्तो प्रकाशन वा प्रशारण साहित्यिक, कलात्गक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृति लिनुपर्ने छैन।

९९. **विवाह सम्बन्धी आचरण:** सशस्त्र वन रक्षकले विहेबारी सम्बन्धी प्रचलित कानुन विपरीत हुने गरी विवाह गर्न गराउन हुँदैन।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

देहायको समितिले सिफारिस गरेमा उपचारको सुविधा भएको ठाउँमा लैजाँदा र त्यहाँबाट फर्काउँदा लाग्ने खर्च नेपाल सरकारले दिनेछः-

(क) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी -अध्यक्ष

(ख) सम्बन्धित जिल्लाको जिल्ला स्वास्थ्य कार्यालय वा सरकारी अस्पतालको चिकित्सक प्रतिनिधि -सदस्य

(ग) सम्बन्धित जिल्लाको डिभिजनल वन अधिकृत/ सम्बन्धित इकाईको सशस्त्र वन रक्षक. प्रमुख -सदस्य

८३. <u>थप आर्थिक सहायताः</u> सेवामा बहाल रहेको कुनै सशस्त्र वन रक्षक वा निजको पति वा पत्नीलाई स्वदेश तथा विदेशमा उपचार गर्न नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिस गरेको आधारमा नियम ८२ बमोजिमको उपचार खर्चको अतिरिक्त देहायको समितिको सिफारिसमा नेपाल सरकारले उचित ठहर्याएको थप आर्थिक सहायता दिनेछः-

(क) मन्त्रालयको सचिव -अध्यक्ष

(ख) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सचिव वा निजले तोकेको प्रतिनिधि -सदस्य

(ग) अर्थ मन्त्रालयको सचिव वा निजले तोकेको प्रतिनिधि -सदस्य

(घ) स्वास्थ्य विषय हेर्ने मन्त्रालयबाट तोकिएको वरिष्ठ चिकित्सक -सदस्य

(ङ) सशस्त्र वन रक्षक प्रमुख, वन तथा भू-संरक्षण विभाग -सदस्य

## परिच्छेद-८

## <u>आचरण</u>

८४. <u>समय पालन र नियमितताः</u> (१) सशस्त्र वन रक्षकले नियमित रूपले ड्युटी गर्नु पर्नेछ र पहिले बिदाको स्वीकृति नलिई काममा अनुपस्थित हुनु हुँदैन।

(२) सशस्त्र वन रक्षकले अधिकार प्राप्त अधिकारीको अनुमति नलिई आफुलाई खटाएको ईलाका छोड्नु हुँदैन।

८५. <u>अनुशासन र आज्ञापालनः</u> (१) सशस्त्र वन रक्षकले आफ्नो कर्तव्य इमान्दारी र तत्परताका साथ पालना गर्नु पर्नेछ।

(२) सशस्त्र वन रक्षकले सरकारी कामसम्बन्धी कुरामा आफूभन्दा माथिल्लो पदको अधिकारीले दिएको आदेशलाई तदारुकताका साथ पालना गर्नु पर्नेछ।

(३) सशस्त्र वन रक्षकले आफूभन्दा माथिका अधिकारी तथा सशस्त्र वन रक्षक प्रति उचित आदर र सद्भाव देखाउनु पर्नेछ।



सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

८०. <u>नोकरी अवधिको गणना</u>: (१) यस परिच्छेदको प्रयोजनका निमित्त नोकरी अवधिको गणना गर्दा सशस्त्र वन रक्षक वा नेपाली सेना सेवाको पदमा स्थायी नियुक्ति भई नोकरी गरेको जम्मा अवधि (बिचमा टुटेको भए त्यो टुटेको अवधि कटाई) लाई गणना गरिनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदान पाइसकेको व्यक्ति सशस्त्र वन रक्षक सेवा वा पदमा नियुक्ति भएमा पहिले पाएको उपदानको रकम फिर्ता गरेमा मात्र निजको पहिलेको नोकरी जोडिनेछ।

(३) यो नियम प्रारम्भ हुँदाका बखत सेवामा बहाल रहेको सशस्त्र वन रक्षकले यो नियम प्रारम्भ भएको मितिले एक वर्षभित्र तथा सेवामा नयाँ भर्ना हुने सशस्त्र वन रक्षकले नियुक्ति पाएको मितिले एक वर्षभित्र यस नियम बमोजिम सेवा अवधि जोडाई सकेको हुनु पर्नेछ। उक्त अवधिभित्र सेवा अवधि नजोडाएमा त्यस्तो सेवा अवधि पछि जोडिने छैन।

८१. <u>अधिकारपत्र</u>: सेवाबाट अवकाश हुने सशस्त्र वन रक्षक सेवाबाट अवकाश हुँदा पाउने उपदान, निवृत्तिभरण, पारिवारिक निवृत्तिभरण र अन्य सुविधाको रकम प्राप्त गर्ने अधिकारपत्र सम्बन्धित कार्यालयको सिफारिसमा राष्ट्रिय किताबखानाले दिनेछ।

८२. <u>औषधी उपचार</u>: (१) सशस्त्र वन रक्षकले सेवा अवधिभर अधिकृतस्तरको सशस्त्र वन रक्षक भए बाह्र महिनाको जुनियर अधिकृतस्तरको सशस्त्र वन रक्षकको लागि अठार महिना र सहायकस्तरको सशस्त्र वन रक्षक भए एक्काइस महिनाको खाइपाई आएको तलब बराबरको रकमसम्म उपचार खर्च बापत पाउनेछ।

तर यस नियमावली प्रारम्भ हुनुभन्दा अगावै कार्यरत सशस्त्र वन रक्षकले उपचार खर्च बापत पाउने रकम प्रचलित निजामती सेवा ऐन तथा नियमावली बमोजिम हुनेछ।

(२) सशस्त्र वन रक्षक वा निजको परिवारको सदस्य बिरामी भएमा उपनियम (१) बमोजिम पाउने रकममा नबढ्ने गरी देहाय बमोजिम भएको खर्चको रकम दिइनेछः-

(क) रोगको उपचारको निमित्त स्वीकृत चिकित्सकको जाँच गर्दा लागेको प्रेस्क्रिप्सन बमोजिम खरिद गरेको औषधी खर्च,

(ख) स्वास्थ्य संस्थामा भर्ना हुँदा र उपचार गराउँदा लागेको बिल बमोजिमको खर्च,

(ग) अस्पताल र स्वीकृत चिकित्सक पनि नभएको ठाउँमा भएको उपचारमा सम्बन्धित कार्यालयको प्रमुखले वा कार्यालय प्रमुख वा सशस्त्र वन रक्षक प्रमुखको हकमा महानिर्देशकले सिफारिस गरेको खर्च,

(घ) प्लास्टिक सर्जरी बाहेक सबै किसिमको शल्यक्रिया (सर्जिकल अपरेसन) गर्दा लागेको बिल बमोजिमको खर्च,

(ङ) आफ्नै घर वा डेरा छोडी अर्को जिल्लामा वा विदेशमा गई औषधी उपचार गराउँदा त्यस्तो स्थानसम्म पुग्दाको र फर्कदाको बिरामीको र कुरुवा चाहिने अवस्था भए एक जना कुरुवासम्मको यातायात खर्चको पूरै रकम र खाना


सचिव

नजिकको व्यक्तिलाई त्यस्तो सशस्त्र वन रक्षकले खाइपाई आएको तलबको आधा असाधारण पारिवारिक वृत्ति र देहाय बमोजिम एकमुष्ट असाधारण पारिवारिक उपदान समेत दिइनेछः-

(क) दश वर्षसम्मको सेवा अवधि नपुग्दै मृत्यु भएमा निजले खाइपाई आएको छ महिनाको तलब बराबरको रकम,

(ख) दश वर्षदेखि बिस वर्ष सम्मको सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाइपाई आएको नौ महिनाको तलब बराबरको रकम,

(ग) बिस वर्षभन्दा बढी जतिसुकै सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाइपाई आएको एक वर्षको तलब बराबरको रकम।

(२) सरकारी काममा खटिएका बखत आक्रमण वा विष्फोटन वा कुनै हतियारको प्रहारबाट वा कुनै आकस्मिक दुर्घटनाबाट कुनै सशस्त्र वन रक्षकको मृत्यु भएमा त्यस्तो सशस्त्र वन रक्षकको उमेरको हदले अवकाश प्राप्त गर्ने अवधि ननाघ्ने गरी बढीमा सात वर्ष सम्म निजको परिवारले पूरा तलब पाउनेछ। उक्त पूरा तलब पाउने अवधि व्यतित भए पछि मृतक सशस्त्र वन रक्षकको सेवा अवधि निवृत्तभरण पाउने अवधिभन्दा कम भएमा सशस्त्र वन रक्षकले खाइपाई आएको तलबको आधा र निवृत्तभरण पाउने अवधिभन्दा बढी सेवा अवधि भएमा सोही बमोजिम मृतक सशस्त्र वन रक्षकको परिवार मध्ये सबैभन्दा नजिकको व्यक्तिले असाधारण पारिवारिक वृत्ति पाउनेछ।

(३) यस नियम बमोजिम असाधारण पारिवारिक वृत्ति मृतक सशस्त्र वन रक्षकको पति, पत्नी, बाबु वा आमा भए आजीवन र छोरा वा छोरी भए अठार वर्षको उमेर पूरा गरेको वा सरकारी सेवामा प्रवेश गरेको जुन अगाडि हुन्छ सो मितिसम्म पाउनेछ।

७७. <u>सन्तति तथा शैक्षिक वृत्तिः</u> (१) नियम ७४ बमोजिमको अवस्थामा परी कुनै सशस्त्र वन रक्षक अशक्त भएमा वा मृत्यु भएमा त्यस्तो अशक्त वा मृतक देहायका सशस्त्र वन रक्षकको बढीमा दुई सन्ततिलाई त्यस्तो सशस्त्र वन रक्षकको बहाल रहेको पदको सुरु तलब स्केलको देहाय बमोजिमको प्रतिशतको दरले मासिक सन्तति वृत्ति दिइनेछः-

| पद | सुरु तलबको प्रतिशत |
|---|---|
| (क) सशस्त्र वन रक्षक प्रमुख सेनानी/सेनानी | १० |
| (ख) सशस्त्र वन रक्षक सहसेनानी/उपसेनानी/सहायक सेनानी | १२ |
| (ग) सशस्त्र वन रक्षक प्रमुख सुवेदार/सुवेदार/जमदार | १३ |
| (घ) सशस्त्र वन रक्षक हवलदार/अमलदार/सिपाही | १४ |

(२) उपनियम (१) बमोजिमको वृत्ति त्यस्तो सशस्त्र वन रक्षकको छोरा वा छोरी अठार वर्षको उमेर पूरा नगरेको वा सरकारी सेवामा प्रवेश नगरेको जुन अगाडि हुन्छ सो मितिसम्म पाउनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरण पाउने व्यक्ति नाबालक रहेछ भने निज अठार वर्षको उमेर नभएसम्म त्यस्तो निवृत्तभरण पाउनेछ।

(३) सशस्त्र वन रक्षकको विधुर पति वा विधवा पत्नीले निजको पति वा पत्नी सेवामा छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भई उपनियम (१) बमोजिम पारिवारिक निवृत्तभरण पाउने भएमा सो निवृत्तभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्तभरण नपाउने भएमा वा निजको पति वा पत्नीले निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतित भइसकेपछि मृत्यु भएकोमा निजको मृत्यु भएको मितिदेखि जीवनभर निजले पाउने निवृत्तभरणको आधा रकम पाउनेछ।

तर त्यस्तो विधुर पति वा विधवा पत्नीले अर्को विवाह गरेमा निजले त्यस्तो निवृत्तभरण सुविधा पाउने छैन।

(४) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र वन रक्षकको निवृत्तभरण पाइ रहेको विधुर पति वा विधवा पत्नीको मृत्यु भएमा वा निजले अर्को विवाह गरेमा त्यस्तो सशस्त्र वन रक्षकको नाबालिग सन्तानले बालिग नभएसम्म त्यस्तो निवृत्तभरणको रकम पाउनेछ।

(५) बहालवाला सशस्त्र वन रक्षकको तलब वृद्धि हुँदा तलबको सुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाइ रकम उपनियम (१), (२) र (३) बमोजिम पारिवारिक निवृत्तभरण पाइरहेका व्यक्तिले खाइपाई आएको पारिवारिक निवृत्तभरणको रकममा पनि थप गरिनेछ।

(६) यस नियमावली बमोजिम पाउने कुनै रकम लिन नपाउँदै कुनै सशस्त्र वन रक्षकको मृत्यु भएमा सो रकम निजको परिवारका सदस्यहरूमध्ये यस नियमावली बमोजिम निजको निवृत्तभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले लिन पाउनेछ।

(७) निवृत्तभरण वा उपदान दिँदा मृत सशस्त्र वन रक्षकले आफ्नो परिवारका सदस्य मध्येमा वा नाबालक भाइ वा अविवाहिता दिदी बहिनीलाई इच्छाएको रहेछ भने सो व्यक्तिलाई र कुनै कारणले सो व्यक्तिले पाउन नसक्ने अवस्था भएमा वा कसैलाई पनि इच्छाएको नभए सो रकम निजको परिवारको सदस्यमध्ये नेपाल सरकारले उचित ठहर्याएको व्यक्तिलाई दिइनेछ।

७४. <u>अशक्त वृत्तिः</u> (१) कुनै सशस्त्र वन रक्षक आफ्नो पदको कर्तव्य पालन गर्दा वा तालिमको सिलसिलामा दुर्घटनामा परी अङ्गभङ्ग भएको वा चोटपटक लाग शारीरिक वा मानसिक रूपमा सेवामा बहाल रहन अशक्त भएमा त्यस्तो सशस्त्र वन रक्षकले निजको जीविकाको निमित्त बाचुञ्जेलसम्म अशक्तवृत्तिको रूपमा उपनियम (२) मा लेखिए बमोजिम निवृत्तभरण सहित उपनियम (३) मा लेखिए बमोजिमको अशक्त भत्ता पाउने छ।

<u>स्पष्टीकरणः</u> यस उपनियमको प्रयोजनको लागि मानसिक रूपमा अशक्त भन्नाले नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डबाट मानसिक रूपमा अशक्त भई सशस्त्र वन रक्षक सेवामा काम काज गर्न असक्षम भनी सिफारिस गरेको व्यक्ति सम्झनुपर्छ।

(२) उपनियम (१) बमोजिम अशक्त भएको सशस्त्र वन रक्षकको सेवा अवधि निवृत्तभरण पाउने अवधि पुगेको भए निजले तत्काल खाइपाई आएको (कायम मुकायम वा निमित्त भई काम

(३) सशस्त्र वन रक्षकको उमेर सेवामा प्रवेश गर्दा निजले पेस गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आएको उमेर वा नागरिकताको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आएको उमेर वा निजले भरेको वैयक्तिक नोकरी विवरण (सिटरोल) मा लेखिएको जन्ममिति वा वर्षबाट हुन आएको उमेरमध्ये जुन उमेरबाट निज पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिनेछ।

६८. <u>स्वेच्छिक अवकाश:</u> निवृत्तभरण पाउने अवस्था पूरा गरिसकेको सशस्त्र वन रक्षकले अख्तियारवाला समक्ष निवेदन दिई अख्तियारवालाको स्वीकृतिले सेवाबाट स्वेच्छिक अवकाश लिन सक्नेछ।

६९. <u>अवकाशपत्र:</u> सशस्त्र वन रक्षकलाई अवकाश पत्र दिने अधिकार अख्तियारवालालाई हुनेछ।

७०. <u>उपदान:</u> (१) पाँच वर्ष वा सोभन्दा बढी सेवा गरेको तर निवृत्तभरण पाउने अवधि नपुगेको सशस्त्र वन रक्षकले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई सेवाबाट अलग भएमा वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाइएमा देहाय बमोजिम उपदान पाउनेछ:

(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेको भए आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेको भए आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी बिस वर्षभन्दा कम सेवा गरेको भए आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी सेवा पाउने वा सो सेवामा बहाल रहने उद्देश्यले नागरिकता वा उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो सशस्त्र वन रक्षकलाई उपदान दिइने छैन।

७१. <u>निवृत्तभरण सम्बन्धी व्यवस्था:</u> (१) सशस्त्र वन रक्षकले देहाय बमोजिम वा सोभन्दा बढी अवधिसम्म सेवा गरेपछि विभागीय प्रमुखको स्वीकृति लिई सेवाबाट स्वेच्छिक अवकाश लिएमा निवृत्तभरण पाउनेछः-

| | |
|---|---|
| (क) सहायक सेनानी र सोभन्दा माथि प्रमुख सेनानीसम्म | बिस वर्ष |
| (ख) जमदारदेखि प्रमुख सुवेदारसम्म | सत्र वर्ष |
| (ग) सिपाहीदेखि हवल्दारसम्म | सोह्र बर्ष |

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुनुभन्दा पहिले कार्यरत सशस्त्र वन रक्षकले बिस वर्ष वा सोभन्दा बढी समयसम्म सेवा गरेपछि सेवाबाट अवकाश पाएको मितिदेखि निवृत्तभरण पाउनेछ।

(३) यस नियम बमोजिम दिइने निवृत्तभरणको हिसाब देहाय बमोजिम हुनेछः-

(क) सहायक सेनानी र सोभन्दा माथि प्रमुख सेनानीसम्म

<u>जम्मा नोकरी वर्ष × आखिरी तलबको रकम</u>

६४. <u>सार्वजनिक बिदा गाभिने:</u> भैपरी आउने र पर्व बिदा, घर बिदा र बिरामी बिदा बाहेक अरु कुनै प्रकारको बिदा लिई बसेको सशस्त्र वन रक्षकले सो बिदा भुक्तान हुँदा सार्वजनिक बिदा पर्न गएमा र सार्वजनिक बिदा पछि पनि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक बिदाको अवधि पनि निजले लिएको बिदा वा सो बिदा बाँकी नभएमा लिन पाउने अरु बिदामा बसेको मानिनेछ।

६५. <u>बिदा नलिई ड्युटीमा अनुपस्थित हुने सशस्त्र वन रक्षक उपर हुने कारबाही:</u> (१) यस नियमावली बमोजिम बिदा नलिई सशस्त्र वन रक्षक गैर हाजिर हुन पाउने छैन।

(२) उपनियम (१) उल्लङ्घन गरी पन्ध्र दिन गैर हाजिर हुने सशस्त्र वन रक्षकलाई सुपरिवेक्षकको सिफारिसमा गयल र तलब कट्टा गरी प्रचलित कानुन बमोजिम अख्तियारवालाले विभागीय सजाय गर्नेछ। यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन।

६६. <u>बिदाको अभिलेख:</u> (१) बिदा दिने अधिकारीले आफ्नो मातहतमा काम गर्ने सशस्त्र वन रक्षकको अनुसूची-८ बमोजिम बिदाको अभिलेख राख्न लगाउनु पर्नेछ।

(२) कुनै सशस्त्र वन रक्षक सरुवा वा बढुवा भई अर्को कार्यालयमा खटिई जाँदा सरुवा वा बढुवाको जनाउका साथै बिदाको अभिलेखको उतार पनि हालको कार्यालयमा पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको बिदाको अभिलेखको एक प्रति उतार सम्बन्धित सशस्त्र वन रक्षकलाई दिनु पर्नेछ। बढुवाको लागि कारबाही हुँदा यस्तो बिदाको अभिलेख पेस गर्ने जिम्मेवारी सशस्त्र वन रक्षकको सम्बन्धित कार्यालयको हुनेछ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठ

५९. **<u>अध्ययन बिदा</u>:** (१) सशस्त्र वन रक्षकलाई उपयोगी र आवश्यक पर्ने विषयमा नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्तिमा मन्त्रालयको स्वीकृति लिई खुल्ला प्रतियोगिता वा अन्तर विभागीय प्रतियोगितामा छनौट भई वा नेपाल सरकारबाट मनोनयन भई अध्ययन गर्न जाने सशस्त्र वन रक्षकले अध्ययन अवधिभर अध्ययन बिदा पाउन सक्नेछ।

(२) सशस्त्र वन रक्षकले सेवा अवधिभरमा एकै पटक वा पटक पटक गरी तीन वर्षसम्म अध्ययन बिदा पाउनेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अध्ययनको निमित्त मनोनयन भई अध्ययन बिदा लिई गएको सशस्त्र वन रक्षकलाई थप विषयमा अध्ययन गर्न वा थप उपाधि हासिल गर्नको निमित्त अध्ययन बिदा थपिने छैन तथा असाधारण बिदा पनि दिइने छैन।

(४) अध्ययन बिदामा बस्दा सशस्त्र वन रक्षकले पूरा तलब पाउनेछ।

(५) सेवालाई आवश्यक पर्ने विषयमा नेपाल सरकारको पूर्व स्वीकृति लिई निजी प्रयासमा अध्ययन गर्न जाने सशस्त्र वन रक्षकलाई उपनियम (२) बमोजिम अध्ययन बिदा दिन सकिनेछ। यसरी निजी प्रयासमा अध्ययन गर्न जाने सशस्त्र वन रक्षकलाई उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस्तो अध्ययन बिदामा बस्दा तलब पाउने छैन।

(६) तीन वर्ष सेवा अवधि नपुगी कुनै पनि सशस्त्र वन रक्षकले अध्ययन बिदा पाउन सक्ने छैन।

(७) अध्ययन बिदामा बस्ने सशस्त्र वन रक्षकले अध्ययन गर्न जानुभन्दा अघि त्यस्तो अध्ययन बिदा पूरा गरी फर्केर आई आफ्नो सेवामा देहाय बमोजिमको अवधिसम्म अनिवार्य रूपमा सेवा गर्न कबुलियत समेत गर्नुपर्नेछः-

| <u>अध्ययनको अवधि</u> | <u>सेवा गर्नुपर्ने न्यूनतम अवधि</u> |
|---|---|
| (क) तीन महिनासम्म | एक वर्ष |
| (ख) तीन महिनादेखि नौ महिनासम्म | दुई वर्ष |
| (ग) नौ महिनादेखि एक वर्षसम्म | तीन वर्ष |
| (घ) एक वर्षदेखि दुई वर्षसम्म | चार वर्ष |
| (ङ) दुई वर्षदेखि तीन वर्षसम्म | पाँच वर्ष |

(८) सशस्त्र वन रक्षकले अध्ययन पूरा गरी फर्केर आए पछि उपनियम (७) मा उल्लेख भए बमोजिमको अवधिसम्म सेवा नगरेमा त्यस्तो सशस्त्र वन रक्षकबाट अध्ययन अवधिभर निजले पाएको तलब भत्ता, राशन सुविधा र कबुलियतनामामा उल्लेख भएका अन्य रकम समेत सरकारी बाँकी सरह असुलउपर गरिनेछ र त्यस्तो अध्ययन बिदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन।

६०. **<u>असाधारण बिदा</u>:** (१) सशस्त्र वन रक्षकले असाधारण बिदा लिनुपर्ने कारण सहित निवेदन दिनु पर्नेछ र कारण मनासिब देखिएमा नेपाल सरकारले एक पटकमा एक वर्षमा नबढाई र सेवा अवधिभरमा तीन वर्षमा नबढाई बिदा दिन सक्नेछ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

५५. **बिरामी बिदाः** (१) सशस्त्र वन रक्षकले प्रत्येक वर्ष बाह्र दिन पूरा तलब र राशन सुविधासहितको बिरामी बिदा पाउनेछ।

(२) सशस्त्र वन रक्षक अशक्त बिरामी भई सञ्चित बिरामी बिदाले नपुग्ने भएमा निजलाई बढीमा बाह्र दिन सम्मको पेस्की बिरामी बिदा दिन सकिनेछ।

(३) सात दिनभन्दा बढी अवधिको बिरामी बिदाको माग गर्ने सशस्त्र वन रक्षकले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेस गर्नु पर्नेछ।

तर त्यस्तो प्रमाणपत्र पेस गर्न साधारणतया सम्भव थिएन भन्ने बिदा दिने अधिकारीलाई विश्वास भएमा निजले सो व्यहोरा जनाई प्रमाणपत्र विना नै उक्त बिदा स्वीकृत गर्न सक्नेछ।

(४) सशस्त्र वन रक्षकले आफूले पकाएको बिरामी बिदा सञ्चित गरी राख्न पाउनेछ।

(५) सशस्त्र वन रक्षक कुनै कारणले सेवाबाट अलग भएमा निजको सञ्चित रहेको बिरामी बिदा बापत निजको पदाधिकार रहेको पदबाट खाइपाई आएको तलबको दरले हुन आउने रकम निजले एकमुष्ट लिन पाउनेछ।

(६) सञ्चित रहेको बिरामी बिदाको रकम लिन नपाउँदै कुनै सशस्त्र वन रक्षकको मृत्यु भएमा त्यस्तो सञ्चित बिरामी बिदाको रकम नियम ७३ को उपनियम (६) बमोजिमको व्यक्तिले एकमुष्ट लिन पाउनेछ।

(७) कुनै ठुलो वा कडा रोग लागी उपचार गर्न बिरामी बिदा र घर बिदाबाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेस गरी सशस्त्र वन रक्षकले पछि पाउने बिरामी बिदा र घर बिदाबाट कट्टा हुने गरी पैंतालिस दिनसम्म थप बिरामी बिदा पेस्कीको रूपमा लिन सक्नेछ। त्यसरी पेस्की बिरामी बिदा लिई बसेको सशस्त्र वन रक्षकले पूरा तलब पाउनेछ।

(८) उपनियम (११) बमोजिम लिएको बिदाले नपुग भई थप बिदा लिनु परेमा नेपाल सरकारले तोकेको मेडिकल बोर्डको सिफारिसमा सशस्त्र वन रक्षकले पाउने असाधारण बिदाबाट कट्टा हुने गरी सेवा अवधिभरमा बढीमा एक वर्ष असाधारण बिदा लिन सक्नेछ।

(९) उपनियम (७) बमोजिम पेस्की बिरामी बिदा लिने सशस्त्र वन रक्षकको मृत्यु भएमा यसरी पेस्की लिएको बिरामी बिदा स्वतः मिनाहा हुनेछ।

(१०) कर्तव्य पालन गर्दा बिरामी वा घाइते भएका सशस्त्र वन रक्षकले उपचार गराउन आवश्यक पर्ने अवधिभर पूरा तलब र राशन सहितको थप बिरामी बिदा पाउनेछ।

(११) कुनै सशस्त्र वन रक्षक बिरामी परेको भन्ने प्रतिवेदन परेमा बिरामी परेको हो वा होइन परीक्षणको लागि चिकित्सक खटाउन सकिनेछ।

५६. **प्रसूति बिदाः** (१) महिला सशस्त्र वन रक्षक गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी अन्ठानब्बे दिन पूरा तलब र राशन सुविधा सहितको प्रसूति बिदा लिन पाउनेछ।

(२) प्रसूति बिदा लिएको अभिलेख सम्बन्धित कार्यालयले अद्यावधिक बनाई राखु पर्नेछ।

सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(३) यस नियमावलीमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै पनि सशस्त्र वन रक्षकले पाउने तलब निजले काम गरिरहेको वा बिदामा बसेको बखत रोकिने छैन।

४८. **कर्मचारी सञ्चय कोषमा रकम जम्मा गर्नेः** सशस्त्र वन रक्षकको मासिक तलबबाट दश प्रतिशतका दरले रकम कट्टा गरी सो रकममा नेपाल सरकारले शत प्रतिशत रकम थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गरी दिनेछ।

४९. **चाडपर्व खर्चः** (१) सशस्त्र वन रक्षकले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाइने चाडपर्वको लागि खाइपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रूपमा पाउनेछ। यस्तो रकम सशस्त्र वन रक्षकले एक आर्थिक वर्षमा एकपटक आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाइने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्नेछ।

(२) निवृत्तिभरण पाउने गरी अवकाश प्राप्त सशस्त्र वन रक्षकलाई निजले पाउने एक महिनाको निवृत्तिभरण बराबरको रकम चाडपर्व खर्चको रूपमा दिइनेछ।

५०. **निलम्बन भएमा पाउने तलवः** सशस्त्र वन रक्षक सरकारी कामको सिलसिलामा प्रचलित कानुन बमोजिम निलम्बन परेमा निलम्बनको अवधिभर निजले आफ्नो तलबको आधामात्र पाउनेछ।

तर लागेको आरोप प्रमाणित नभई निजले सफाइ पाएमा निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कट्टा गरी र नपाएको भए पूरै तलब र तलब वृद्धि हुने भएमा सो समेत पाउनेछ। कसुरदार ठहरिएमा निलम्बन भएको मितिदेखिको बाँकी तलब भत्ता पाउने छैन।

५१. **दैनिक तथा भ्रमण भत्ताको प्रयोजनको लागि तह निर्धारणः** (१) प्रचलित कानुन बमोजिम दैनिक तथा भ्रमण भत्ता दिने प्रयोजनको लागि सशस्त्र वन रक्षकको तह देहाय बमोजिम कायम हुनेछः-

| | |
|---|---|
| (क) सशस्त्र वन रक्षक अधिकृतस्तर पद | -द्वितीय तह |
| (ख) सशस्त्र वन रक्षक जुनियर अधिकृतस्तर पद | -तृतीय तह |
| (ग) सशस्त्र वन रक्षक सहायकस्तर पद | -चतुर्थ तहथ |

## परिच्छेद-६
## बिदा सम्बन्धी व्यवस्था

५२. **सशस्त्र वन रक्षक सदैव ड्युटीमा रहेको मानिनेः** (१) सशस्त्र वन रक्षक चौबिसै घन्टा आफ्नो ड्युटीमा रहेको मानिनेछ र निजलाई जुनसुकै समयमा पनि काममा लगाउन सकिनेछ।

(२) सशस्त्र वन रक्षकले यस परिच्छेदमा लेखिएं बमोजिम बिदा पाउने छ।

तर, सशस्त्र वन रक्षकले बिदालाई अधिकारको रूपमा दावी गर्न पाउने छैन।

सचिव

| | | |
|---|---|---|
| | | ३. सचिव, मन्त्रालय -सदस्य |
| २. | नियम ३२ को उपनियम (१) को खण्ड (ख) बमोजिमको बढुवा समिति | नियम ३२ को उपनियम (१) को खण्ड (क) बमोजिमको बढुवा समिति |

(२) उपनियम (१) बमोजिम उजुरी परेमा सम्बन्धित उजुरी सुन्ने समितिले उजुरी गर्ने म्याद सकिएको भोलिपल्ट उजुरीको प्रतिलिपि संलग्न राखी सो सम्बन्धमा प्रतिक्रिया र सम्बन्धित कागजात पठाउन सम्बन्धित बढुवा समितिको सचिवालयमा लेखी पठाउनु पर्नेछ। त्यसरी लेखी आएमा सम्बन्धित बढुवा समितिको सचिवालयले तीन दिन भित्र प्रतिक्रिया सहितको कागजात उजुरी सुन्ने समिति समक्ष पठाउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम परेको उजुरीमा उजुरी गर्ने म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र टुङ्गो लगाइसक्नु पर्नेछ। बढुवाको उजुरी सुन्ने समितिले बढुवा समितिले बढुवाका आधारहरूको मुल्याङ्कन गर्दा कुनै कारण वा आधार खुलाउनु पर्नेमा सो नखुलाएकोमा त्यस्तो कारण वा आधार खुलाउन अवधि तोकी लेखी पठाउन सक्नेछ।

(४) यस नियम बमोजिम परेको उजुरीको टुङ्गो लागेपछि मात्र बढुवा समितिको सिफारिस कार्यान्वयन गरिनेछ।

(५) नियम ३२ को उपनियम (१) को खण्ड (क) बमोजिमको बढुवा समितिको बढुवा सिफारिस उपर बढुवा उजुरी सुन्ने समितिको सचिवालयको काम लोक सेवा आयोगले, नियम ३२ को उपनियम (१) को खण्ड (ख) बमोजिमको बढुवा समितिको बढुवाको सिफारिस उपर बढुवा उजुरी सुन्ने समितिको सचिवालयको विभागले गर्नेछ।

(६) बढुवा समितिको सिफारिस उपर बढुवाको उजुरी सुन्ने समितिले कुनै उम्मेद्वारले यस नियमावली बमोजिम प्राप्त गर्नुपर्ने अङ्क प्राप्त नगरेको वा प्राप्त नगर्ने अङ्क प्राप्त गरेको आधारमा बढुवा समितिको सिफारिस संशोधन गर्नुपर्ने देखिएमा सो समेत गरी बढुवा समिति समक्ष पठाउनु पर्नेछ र बढुवा समितिले बढुवाको उजुरी सुन्ने समितिबाट लेखी आए बमोजिम नियुक्तिको लागि सिफारिस गर्नु पर्नेछ।

(७) उपनियम (१) बमोजिम पर्न आएको उजुरी झुट्टा ठहरिएमा उजुरी पछि हुने बढुवामा त्यस्तो उजुरीकर्ताको पहिलो पटकको उजुरी भए दुई अङ्क र सोभन्दा बढी पटकको उजुरी भए तीन अङ्क काटिनेछ।

४४. <u>बढुवा मिति र बढुवा नियुक्तिः</u> (१) बढुवा समितिले बढुवाको लागि सिफारिस गरी बढुवा नामावली प्रकाशित भएपछि बढुवा उजुरीको प्रयोजनको निमित्त सो नामावली प्रकाशित भएको मितिबाट पैतिस दिनसम्म बढुवा सिफारिस पाउने उम्मेदवारलाई बढुवा नियुक्ति नदिई प्रतिक्षा सूचीमा राखिनेछ। बढुवा सिफारिस उपर उजुरी नपरेमा सो नामावली प्रकाशित भएको मितिले छत्तीसौं दिन (उजुर गर्ने म्याद सकिएको भोलिपल्ट) को मितिबाट बढुवा हुने श्रेणीको ज्येष्ठता कायम हुने गरी नियुक्ति दिनुपर्नेछ। परिच्छेद-४

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

३८. <u>ज्येष्ठताको मूल्याङ्कनः</u> सशस्त्र वन रक्षकलाई ज्येष्ठता बापतको अङ्क दिँदा हाल बहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि दुई अङ्कका दरले अधिकतम् बिस अङ्क दिइनेछ।

तर एक वर्षभन्दा कम अवधिको जेष्ठता बापतको अङ्क गणना गर्दा दामासाहीबाट गणना गरिनेछ।

३९. <u>भौगोलिक क्षेत्रमा काम गरेको अनुभवको मूल्याङ्कनः</u> (१) सशस्त्र वन रक्षकलाई विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभवको अङ्क प्रदान गर्दा अनुसूची-६ बमोजिम देशको विभिन्न भौगोलिक क्षेत्रलाई क्रमश "क", "ख" र "ग" तीन वर्गमा विभाजन गरी ती मध्ये एक वा एकभन्दा बढी वर्गमा काम गरेको अनुभव बापत पन्ध्र अङ्कमा नबढ्ने गरी देहाय बमोजिम अङ्क दिइनेछः-

(क) "क" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि ४.५० अङ्क,

(ख) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि ३.७५ अङ्क

(ग) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि ३.०० अङ्क,

(२) उपनियम (१) बमोजिम सशस्त्र वन रक्षकले विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभवको मूल्याङ्कन बापत अङ्क दिने प्रयोजनको लागि भौगोलिक क्षेत्रहरू पहाडी क्षेत्र (क), भित्री मधेश (ख) र तराई (ग) गरी तीन भागमा वर्गीकरण हुनेछ।

(३) कुनै एक भौगोलिक क्षेत्रमा कम्तीमा दुई सय तेत्तिस दिनभन्दा बढी रुजु हाजिर नभई सो भौगोलिक क्षेत्रको अङ्क पाइने छैन। दुई सय तेत्तिस दिनभन्दा बढी अवधिको लागि दामासाहीका दरले सोही भौगोलिक क्षेत्रको र सोभन्दा कम अवधिको लागि जुनसुकै भौगोलिक क्षेत्रमा काम गरेको भए पनि "ग" वर्ग सरहको अङ्क दिइनेछ। भौगोलिक क्षेत्रमा काम गरे बापत पाउने अङ्क हाल बहाल रहेको पदमा प्राप्त गरेको भए मात्र गणना गरिनेछ।

४०. <u>शैक्षिक योग्यताः</u> (१) सेवाको देहायको पदमा बढुवाको लागि देहायको शैक्षिक योग्यतालाई न्यूनतम शैक्षिक योग्यता पुगेको मानिनेछः-

(क) अधिकृतस्तर पदको लागि प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण,

(ख) जुनियर अधिकृतस्तर पदको लागि प्रवेशिका परीक्षा (एस.ई.ई.) वा सो सरह उत्तीर्ण,

(ग) हवल्दार पदको लागि आठ कक्षा उत्तीर्ण।

(२) बढुवाको लागि शैक्षिक योग्यता बापतको अङ्क दिँदा सेवा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता बापत १० र न्यूनतम शैक्षिक योग्यताभन्दा माथिको एक अतिरिक्त शैक्षिक उपाधि बापत ५ अङ्कमा नबढ्ने गरी १५ अङ्क दिइनेछ।

४१. <u>तालिमः</u> (१) सेवाकालीन तालिमबापत एकमुष्ठ पाँच अङ्क दिइनेछ।

(२) सशस्त्र वन रक्षकलाई तालिमको अङ्क दिँदा एक महिना वा सोभन्दा बढी अवधिको सेवासँग सम्बन्धित विषयको सेवाकालीन तालिमबापत अङ्क दिइनेछ। तालिमको अङ्क गणना गर्दा जुन श्रेणीमा छँदा तालिम लिएको हो सो अङ्क सोही श्रेणीको लागि मात्र गणना गरिनेछ।

<u>स्पष्टीकरणः</u> "एक महिनाको तालिम" भन्नाले तिस कार्य दिन वा सोभन्दा बढी अवधिको सेवासँग सम्बन्धित तालिमलाई जनाउँनेछ।

सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(घ) शारीरिक तन्दुरुस्ती परीक्षा र विएमआई परिक्षणमा सफल नभएमा।

३६. **बढुवाको आधारः** (१) बढुवा समितिले सशस्त्र वन रक्षकलाई बढुवाको लागि सिफारिस गर्दा निजको कार्य क्षमताको मूल्याङ्कनको आधारमा गर्नु पर्नेछ।

(२) सशस्त्र वन रक्षकको कार्य क्षमताको मूल्याङ्कन गर्दा देहाय बमोजिम अधिकतम एक सय अङ्क दिइनेछः-

| | |
|---|---|
| (क) कार्यसम्पादन मूल्याङ्कन बापत | चालिस अङ्क |
| (ख) ज्येष्ठता बापत | बिस अङ्क |
| (ग) शैक्षिक योग्यताबापत | पन्ध्र अङ्क |
| (घ) भौगोलिक क्षेत्रमा काम गरे बापत | पन्ध्र अङ्क |
| (ङ) तालिम बापत | पाँच अङ्क |
| (च) कमान्ड बापत | पाँच अङ्क |

३७. **कार्यसम्पादनको मूल्याङ्कनः** (१) सशस्त्र वन रक्षकको कार्यसम्पादनको मूल्याङ्कनका लागि प्रयोग गरिने कार्यसम्पादन मूल्याङ्कन फाराम अनुसूची-४ बमोजिमको हुनेछ।

(२) सशस्त्र वन रक्षकको कार्यसम्पादन मूल्याङ्कनको कुल अङ्कको विभाजन देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) सुपरिवेक्षकले दिन सक्ने अधिकतम् | बिस अङ्क |
| (ख) पुनरवलोकनकर्ताले दिन सक्ने अधिकतम् | दश अङ्क |
| (ग) पुनरावलोकन समितिले दिन सक्ने अधिकतम् | दश अङ्क |

(३) सशस्त्र वन रक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्न अनुसूची-५ मा तोकिए बमोजिमको सुपरिवेक्षक, पुनरवलोकनकर्ता तथा पुनरावलोकन समिति रहनेछ।

(४) सुपरिवेक्षक, पुनरवलोकनकर्ता र पुनरावलोकन समितिले कार्यसम्पादन मूल्याङ्कन बापत अङ्क दिँदा यो नियम र कार्यसम्पादन मूल्याङ्कन फाराममा उल्लिखित आधार अनुरूप दिनु पर्नेछ।

(५) सशस्त्र वन रक्षकको कार्यसम्पादन मूल्याङ्कन वार्षिक रूपमा गरिनेछ।

(६) कार्यसम्पादन मूल्याङ्कन बापत सुपरिवेक्षकले पन्चानब्बे प्रतिशतभन्दा बढी वा पचहत्तर प्रतिशतभन्दा कम अङ्क प्रदान गरेकोमा सोको स्पष्ट कारण खुलाउनु पर्नेछ र पचहत्तर प्रतिशतभन्दा कम अङ्क दिएकोमा सम्बन्धित सशस्त्र वन रक्षकलाई जानकारी गराई निजले प्रतिक्रिया दिएमा सो समेत राखी पुनरावलोकन समिति समक्ष पेस गर्नु पर्नेछ। कार्यसम्पादन मूल्याङ्कनमा सुपरिवेक्षक वा पुनरवलोकनकर्ता वा दुवैको सो मूल्याङ्कनमा चित्त नबुझेमा सोको स्पष्ट कारण समेत खुलाई समितिले फिर्ता पठाउन सक्नेछ। त्यसरी फिर्ता पठाइएकोमा सम्बन्धित मूल्याङ्कनकर्ताले पुनः मूल्याङ्कन गरी वा पहिले गरेको मूल्याङ्कन संशोधन गर्न आवश्यक नभए सोको उचित कारण खुलाई पठाउनु पर्नेछ।

२८. <u>परीक्षण कालः</u> सशस्त्र वन रक्षकको स्थायी पदमा नयाँ नियुक्ति भएको मितिले पुरुष सशस्त्र वन रक्षकलाई एक वर्षको र महिला सशस्त्र वन रक्षकको लागि छ महिना परीक्षणकालमा राखिनेछ। परीक्षणकालमा निजको काम र आचरण सन्तोषजनक नभएमा निजको नियुक्ति बदर हुनेछ। यसरी नियुक्ति बदर नगरिएको सशस्त्र वन रक्षकको नियुक्ति परीक्षणकाल समाप्त भएपछि स्वतः सदर भएको मानिनेछ।

२९. <u>योग्यताक्रम कायम गर्नेः</u> (१) खुल्ला प्रतियोगिताद्वारा छनौट भई नियुक्ति पाएको सशस्त्र वन रक्षकको आधारभूत तालिम नसकिदासम्म नियुक्तिको क्रम सङ्ख्या अनुसार र तालिम सम्पन्न भए पछि सो तालिममा प्राप्त गरेको अङ्कको आधारमा योग्यताक्रम कायम हुनेछ।

(२) बढुवा भएका सशस्त्र वन रक्षकको हकमा सम्बन्धित बढुवाको सिफारिसको क्रम अनुसार योग्यताक्रम कायम हुनेछ।

३०. <u>नियुक्ति बदर हुन सक्ने अवस्थाः</u> नियुक्ति गर्ने अधिकारीले देहायको अवस्थामा नियुक्ति बदर गर्न सक्नेछः-

(क) सम्बन्धित पदको लागि निर्धारण भए बमोजिमको योग्यता नभएको वा नरहेको प्रमाणित भएमा,

(ख) परीक्षणकाल अवधिमा काम र आचरण सन्तोषजनक नभएमा,

(ग) आधारभूत तालिममा सहभागी नभएमा वा तालिम छाडी भागेमा,

(घ) आधारभूत तालिममा लगातार दुई पटक असफल भएमा,

(ङ) तोकिएको म्यादभित्र नियुक्ति पत्र बुझ्न नआएमा।

## परिच्छेद-३

## <u>सरुवा, काज र बढुवा सम्बन्धी व्यवस्था</u>

३१. <u>सरुवा गर्ने तथा काज खटाउने अधिकारः</u> (१) सशस्त्र वन रक्षकलाई भौगोलिक अनुभव र ज्ञान हासिल गर्नको लागि आवश्यकता अनुसार सरुवा गरिने छ।

(२) सशस्त्र वन रक्षकलाई समूहगत वा व्यक्तिगत आधारमा सरुवा गर्न सकिनेछ।

(३) सशस्त्र वन रक्षकलाई सरुवा गर्ने तथा काज खटाउने अधिकार महानिर्देशकलाई हुनेछ।

३२. <u>बढुवा समिति र सचिवालयः</u> (१) सेवाका विभिन्न पदहरूमा गरिने बढुवाको लागि सिफारिस गर्न देहाय बमोजिमको बढुवा समिति रहनेछः-

(क) <u>अधिकृतस्तर वा जुनियर अधिकृतस्तरः</u>

(१) सचिव वा निजले तोकेको वन सेवाको वरिष्ठ सहसचिव -अध्यक्ष

(२) सहसचिव, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(३) महानिर्देशकले तोकेको उपमहानिर्देशक -सदस्य-सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(५) पदपूर्ति समितिबाट विज्ञापन प्रकाशन भएपछि दरबन्दी थप वा खाली भई पद रिक्त भएमा लिखित परीक्षाको नतिजा प्रकाशन हुनुभन्दा अगाडि सो पदपूर्ति समितिले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी सोही विज्ञापनमा सो सङ्ख्यासमेत थप गर्न सक्नेछ।

२२. <u>लिखित परीक्षाको नतिजा प्रकाशनः</u> (१) पदपूर्ति समितिले यस नियमावली बमोजिम लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा उम्मेदवारको रोल नम्बर, नाम र थर समेत उल्लेख गरी वर्णानुक्रमको आधारमा उत्तीर्णांक प्राप्त गरेका उम्मेदवारहरू मध्येबाट देहाय बमोजिमको सङ्ख्या थप गरी नतिजा प्रकाशन गर्नु पर्नेछः-

| क्र.सं. | पदपूर्ति गर्नु पर्ने पद सङ्ख्या | थप हुने सङ्ख्या |
|---|---|---|
| (क) | १ देखि ५ सम्म भएमा | ३ |
| (ख) | ६ देखि १० सम्म भएमा | ५ |
| (ग) | ११ देखि १५ सम्म भएमा | ८ |
| (घ) | १६ देखि २० सम्म भएमा | १० |
| (ङ) | २१ देखि २५ सम्म भएमा | १२ |
| (च) | २६ देखि ३० सम्म भएमा | १४ |
| (छ) | ३१ देखि ३५ सम्म भएमा | १५ |
| (ज) | ३६ देखि ४० सम्म भएमा | १६ |
| (झ) | ४१ र सोभन्दा माथि जतिसुकै भएमा ४० प्रतिशत। | |

(ञ) प्रहरी कार्यालय सहयोगीको हकमा प्रयोगात्मक परीक्षा लिइनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रयोगात्मक परीक्षा हुने पदमा लिखित परीक्षाबाट प्रयोगात्मक परीक्षाका लागि छनौट गर्दा पद पूर्ति गर्नु पर्ने पद सङ्ख्या १ देखि ५ सम्म भएमा थप ५ जना उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ। पद पूर्ति गर्नु पर्ने पद सङ्ख्या ६ वा सो भन्दा बढी भएमा सो पद सङ्ख्याको दोब्बर सङ्ख्यामा उम्मेदवारको नाम समावेश गरी नतिजा प्रकाशन गर्नु पर्नेछ।

(३) समान तहका भिन्दा भिन्दै विज्ञापन बमोजिमको लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा नतिजामा नाम समावेश भएकामध्ये जति जना उम्मेदवारको नाम त्यसपछि प्रकाशन हुने पदको नतिजामा समावेश भएको छ, त्यतिकै सङ्ख्यामा थप उम्मेदवारहरूको नाम समावेश गरी नतिजा प्रकाशन गर्नु पर्नेछ।

(४) उम्मेदवारले लिखित परीक्षामा प्राप्त गरेको अंक दोस्रो संकेत नम्बर अनुसार अभिलेख राखी वर्णानुक्रम अनुसार लिखित परीक्षाको नतिजा प्रकाशन गर्नु पर्नेछ।

(५) उपनियम (१), (२) वा (३) बमोजिम नतिजा प्रकाशन गर्दा अन्तिम प्राप्ताङ्क समान भएका उम्मेदवार एकभन्दा बढी भएमा त्यस्ता सबै उम्मेदवारको नाम लिखित परीक्षाको नतिजामा समावेश गर्नु पर्नेछ।

सचिव

१६. <u>पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः</u> (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नियम ५ बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने,

(ख) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम निर्धारण गर्ने,

(ग) पदपूर्ति कार्यतालिका बनाउने,

(घ) परीक्षाको किसिम तोक्ने,

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने,

(च) परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,

(छ) नियुक्तिको लागि सिफारिस गर्ने,

(ज) लोक सेवा आयोगबाट स्वीकृत सशस्त्र वन रक्षक सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकेका पदपूर्तिसग सम्बन्धित आवश्यक अन्य कार्य गर्ने।

(२) पदपूर्ति समितिले सशस्त्र वन रक्षक सेवाको खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि बनाई लागु गर्न सक्नेछ।

१७. <u>स्थानान्तरण गर्न सक्नेः</u> (१) एक पटकका लागि नेपाली सेनाका विभिन्न पदहरूमा कार्यरत बहालवाला इच्छुक सैनिकलाई नेपाल सरकारले एक तह बढुवासहित सशस्त्र वन रक्षक सेवामा स्थानान्तरण गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम सशस्त्र वन रक्षक सेवामा स्थानान्तरण भई आएका सैनिक व्यक्तिहरूको सेवा अवधि निवृत्तभरण प्रयोजनको उक्त सेवामा जोडिनेछ।

(३) यस नियमावली बमोजिम नियुक्त भई कार्यरत रहेका वा स्थानान्तरण भई आएका सशस्त्र वन रक्षकको अन्य सेवा वा समूहमा परिवर्तन गरिने छैन।

१८. <u>न्यूनतम योग्यताः</u> सशस्त्र वन रक्षक सेवाको विभिन्न पदमा खुल्ला प्रतियोगिताद्वारा पदपूर्तिको लागि चाहिने न्यूनतम योग्यता अनुसूची -२ मा उल्लेख भए बमोजिम हुनेछ।

१९. <u>उम्मेदवार छनौट गर्ने तरिकाः</u> (१) सशस्त्र वन रक्षक सेवाको रिक्त पद पूर्तिका लागि उम्मेदवार छनौट गर्दा देहाय बमोजिमको परीक्षाको माध्यमबाट गर्नु पर्नेछः-

(क) बियरिङ्ग परीक्षा,

(ख) बि एम आइ तथा प्रारम्भिक स्वास्थ्य परीक्षा,

(ग) शारीरिक परीक्षा,

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) विभागले उपनियम (१) बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाउनु पर्नेछ। मन्त्रालयले अर्थ मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन विषय हेर्ने मन्त्रालयको सहमति लिई दरबन्दी सिर्जना वा खारेज गर्ने स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष पेस गर्नु पर्नेछ।

(३) विभागले यस नियम बमोजिम सङ्गठनको स्वरूप तयार गर्ने, सङ्गठन संरचना वा दरबन्दीमा हेरफेर वा नयाँ दरबन्दी सिर्जना वा खारेज गर्ने सम्बन्धमा नेपाल सरकारबाट स्वीकृति प्राप्त भएको मितिले पन्ध्र दिनभित्र पद दर्ताको लागि राष्ट्रिय किताबखाना मा लेखी पठाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम विवरण प्राप्त भएपछि राष्ट्रिय किताबखाना ले पद दर्ता गरी पन्ध्र दिनभित्र विभागलाई जानकारी दिनु पर्नेछ।

९. <u>सशस्त्र वन रक्षक सेवाको प्रमुख:</u> महानिर्देशक सशस्त्र वन रक्षकको प्रमुख हुनेछ। निजले ऐन तथा यस नियमावली र अन्य प्रचलित कानुन तथा मन्त्रालयको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही सशस्त्र वन रक्षक सेवाको प्रमुखको रूपमा कार्यसम्पादन गर्नेछ।

१०. <u>शपथ ग्रहण:</u> सेवामा पहिलो पटक नियुक्ति भई आफ्नो कार्यभार सम्हाल्नुअघि प्रत्येक सशस्त्र वन रक्षकले अनुसूची-१ मा तोकिए बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ।

११. <u>पदाधिकार कायम रहने:</u> देहायको अवस्थामा सशस्त्र वन रक्षकको आफ्नो पद माथिको पदाधिकार कायम रहनेछः-

(क) त्यस पदमा कामकाज गरिरहँदासम्म,

(ख) सरुवा भई कार्यभार सम्हाल्न पाइने म्यादसम्म,

(ग) बिदामा रहेको अवधिभर,

(घ) निलम्बनमा रहेको अवधिभर।

१२. <u>कायम मुकायम र निमित्त सम्बन्धी व्यवस्था:</u> (१) सशस्त्र वन रक्षक तालिम केन्द्र वा गुल्मको प्रमुख पद रिक्त रहेको अवस्थामा जेष्ठता र योग्यताको आधारमा महानिर्देशकले कायम मुकायम मुकरर गर्न सक्नेछ।

(२) यस नियम बमोजिम कायम मुकायम मुकरर गर्दा एक तहमुनिको सशस्त्र वन रक्षक कायम मुकायम मुकरर भएको सशस्त्र वन रक्षकले माथिल्लो तहको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ।

तर माथिल्लो तहको दर्ज्यानी चिन्ह प्रयोग गर्न पाउने छैन।

(३) कुनै कारणले छोटो अवधिको लागि सशस्त्र वन रक्षक तालिम केन्द्रको प्रमुख, सशस्त्र वन रक्षक गुल्मको प्रमुख अनुपस्थित भएमा सोही कार्यालयको सबैभन्दा वरिष्ठ सशस्त्र वन रक्षकले सो पदको निमित्त भई काम गर्नेछ। यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने सशस्त्र वन रक्षकको हुनेछ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

स्पष्टीकरणः

(१) यस उपनियमको खण्ड (क), (ख), ग) र (घ) को प्रयोजनको लागि "महिला, आदिवासी/जनजाति, मधेसी र दलित" भन्नाले आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेसी र दलित सम्झनुपर्छ।

(२) उपनियम (३) बमोजिम छुट्याइएका पदका लागि दरखास्त पेस गर्दा देहाय बमोजिमका प्रमाण संलग्न गर्नु पर्नेछः-

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएका जातिको हकमा सोही सूचीको आधारमा,

तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणपत्रको प्रतिलिपि दरखास्त साथ पेस गर्नु पर्नेछ।

(ख) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको सूचीको आधारमा,

तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणपत्रको प्रतिलिपि दरखास्त साथ पेस गर्नु पर्नेछ।

(ग) मधेसीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्था वा निकायबाट मधेसी भनी प्रमाणित गरेको कागजातको आधारमा,

तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था वा निकाय नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित भएको प्रमाण संलग्न हुनु पर्नेछ।

(घ) यस उपनियमको खण्ड (ङ) को प्रयोजनको लागि "पिछडिएको क्षेत्र" भन्नाले मनाङ, मुस्ताङ, अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास गरी सम्बन्धित जिल्लाबाट नागरिकताको प्रमाणपत्र जारी भई प्राप्त गरेको तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट दरखास्त पेस गर्दाका बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको भन्ने प्रमाणित गरिएको।

(४) उपनियम (३) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घाताङ्क (फ्रयाक्सन) आएमा त्यस्तो घाताङ्क जुन समुदायको हकमा आएको हो सोभन्दा लगत्तै पछिको समूहमा सर्दै जानेछ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि खुला प्रतियोगिताद्वारा पूर्ति गरिने रिक्त पदमध्ये पाँच प्रतिशत पदमा सशस्त्र वन रक्षक तालिम वा आफ्नो कर्तव्य गर्दा गर्दै


सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद-२

### सशस्त्र वन रक्षक सेवाको सङ्गठन संरचना, दरबन्दी तथा नियुक्ति सम्बन्धी व्यवस्था

३. **सशस्त्र वन रक्षक सेवाको सङ्गठन संरचना र दरबदी:** सशस्त्र वन रक्षक सेवाको सङ्गठन संरचना र दरबन्दी नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ।

४. **सेवामा रहने पदहरू:** (१)सशस्त्र वन रक्षक सेवामा देहाय बमोजिमका पद रहनेछन्:-

| | |
|---|---|
| अधिकृतस्तर: | |
| १ | सशस्त्र वन रक्षक प्रमुख सेनानी |
| २ | सशस्त्र वन रक्षक सेनानी |
| ३ | सशस्त्र वन रक्षक सहसेनानी |
| ४ | सशस्त्र वन रक्षक उपसेनानी |
| ५ | सशस्त्र वन रक्षक सहायक सेनानी |
| जुनियर अधिकृतस्तर: | |
| १ | सशस्त्र वन रक्षक प्रमुख सुबेदार |
| २ | सशस्त्र वन रक्षक सुबेदार |
| ३ | सशस्त्र वन रक्षक जमदार |
| सहायकस्तर: | |
| १ | सशस्त्र वन रक्षक हवल्दार |
| २ | सशस्त्र वन रक्षक अमलदार |
| ३ | सशस्त्र वन रक्षक सिपाही |

(२) सहायकस्तरका सशस्त्र वन रक्षकलाई प्रमुखले सवारी चालक, कर्तक, सूचिकार, कुचिकार, चर्मकार, बन्दोबस्ती कार्य सिपाही आदि कार्यमा खटाउन सक्नेछ ।

५. **पदपूर्ति:** (१) सशस्त्र वन रक्षक सेवामा रहने पद देहाय बमोजिम पूर्ति गरिनेछ:-

| सि.नं. | पद | खुल्ला प्रतियोगिताद्वारा | बढुवाद्वारा | आन्तरिक प्रतियोगिताद्वारा |
|---|---|---|---|---|


सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची -१०

(नियम १११ को उपनियम (१) सँग सम्बन्धित)

## सशस्त्र वन रक्षक सेवाका दर्जा र दर्ज्यानी चिन्ह

| नेपाली दर्जा | दर्ज्यानी चिन्ह (रातो रङ) | दर्ज्यानी चिन्हको मुख्य स्वरूप |
|---|---|---|
| सशस्त्र वन रक्षक प्रमुख सेनानी |  | रातो रङको क्रस खुकुरी तरबार तथा अर्धचन्द्र |
| सशस्त्र वन रक्षक सेनानी |  | रातो रङको क्रस खुकुरी तथा तरबार |
| सशस्त्र वन रक्षक सहसेनानी |  | रातो रङको क्रस खुकुरी तथा सूर्य-चन्द्र |
| सशस्त्र वन रक्षक उपसेनानी |  | रातो रङको क्रस खुकुरी तथा अर्धचन्द्र |
| सशस्त्र वन रक्षक सहायक सेनानी |  | रातो रङको क्रस खुकुरी |
| सशस्त्र वन रक्षक प्रमुख सुवेदार |  | रातो रङको सूर्य तथा अर्धचन्द्र |
| सशस्त्र वन रक्षक सुवेदार |  | रातो रङको अर्धचन्द्र |
| सशस्त्र वन रक्षक जमदार |  | रातो रङको सूर्य |
| हवल्दार |  | रातो रङको तीनवटा धर्का |
| अमल्दार |  | रातो रङको दुईवटा धर्का |
| सिपाही |  | छुट्टै दर्ज्यानी चिन्ह नहुने |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची -८

(नियम ५९ को उपनियम (१) र नियम ७३ को उपनियम (९) सँग सम्बन्धित)

**बिदा तथा उपचार खर्चको अभिलेख**

सट्टा बिदा प्रसूति बिदा र प्रसूति स्याहार बिदा

शसस्त्र वन रक्षकको नाम श्रेणी र पद सेवा, समूह सङ्केत नं.

| विवरण | घर बिदा | | | बिरामी विवा | | | प्रसूति बिदा | | | किरिया बिदा | | | अध्ययन बिदा | | | असाधारण बिदा | | | उपचार खर्च बापत लिएको | | | प्रमाणित गर्ने अधिकृतको दस्तखत | | | कैफियत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी |
| विगत साल देखि जिम्मेवारी सारेको | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-७

(नियम ३५ को उपनियम (१) सँग सम्बन्धित)

## कमान्डको मूल्याङ्कन फाराम

१. नाम थरः

२. पदः

३. कार्यरत कार्यालयः

४. आर्थिक वर्षः

५. कार्यरत अवधिः मिति ..........देखि............. सम्म।

६. सिफारिसकर्ताले आधार लिनु पर्ने विषयहरू र सोको स्तर.

(क) आफ्नो पदको जिम्मेवारी अनुसार कार्यसम्पादन गर्न सक्ने स्तरः-

(१) अति उत्तम (२) उत्तम (३) सामान्य (४) न्यून

(ख) आफ्नो मातहतका कर्मचारीहरूलाई काम लगाउन सक्ने स्तरः-

(१) अति उत्तम (२) उत्तम (२) सामान्य (४) न्यून

(ग) कमान्डर भई काम काज गर्न सक्ने क्षमताको स्तरः-

(१) अति उत्तम (२) उत्तम (२) सामान्य (४) न्यून

(घ) कार्यक्षेत्रमा आइ पर्ने समस्याहरू सहज रूपमा समाधान गर्न सक्ने क्षमताको स्तरः-

(१) अति उत्तम (२) उत्तम (३) सामान्य (४) न्यून

(ङ) आफुभन्दा माथिका कमान्डर वा अधिकतलाई काम कारवाहीको रिपोर्ट गर्न सक्ने क्षमताको स्तरः-

(१) अति उत्तम (२) उत्तम (३) सामान्य (४) न्यून

(च) कार्यालयको कुनै पनि कामको गोपनियता राख्ख सक्ने क्षमताको स्तरः-

(१) अति उत्तम (२) उत्तम (३) सामान्य (४) न्यून

सिफारीस गर्ने अधिकृतः-

नामथर-

दर्जाः-

दस्तखतः-

कार्यालयः-

मितिः-

६. मूल्याङ्कनकर्ताको मूल्याङ्कनः-

(१) मूल्याङ्कनकर्ताले सशस्त्र वन रक्षकको कमान्डको मूल्याङ्कन बापतको अङ्क प्रदान गर्दा सिफारिस गर्ने अधिकारीको सिफारिस समेतलाई आधार लिई देहाय बमोजिमका प्रत्येक क्षेत्र बापत बढीमा एक अङ्क प्रदान गर्नु पर्नेछः-

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| २ | प्रमुख सुवेदार/सुवेदार/जमदार /हुद्दा/सिपाही | सेनानी/ सहायक सेनानी | डिभिजन वन अधिकृत | महानिर्देशक -अध्यक्ष<br>डिभिजन वन अधिकृत -सदस्य<br>उपसेनानी/<br>सहायक सेनानी -सदस्य |

(घ) डिभिजन वन कार्यालय र अन्तर्गत कार्यरत सशस्त्र वन रक्षक लागि

| क.स. | पद | सुपरिवेक्षक | पुनरवलोकनकर्ता | पुनरावलोकन समिति |
|---|---|---|---|---|
| १ | प्रमुख सुवेदार | डिभिजन वन अधिकृत अधिकृतले तोकेको वन अधिकृत | डिभिजन वन अधिकृत | निर्देशक -अध्यक्ष<br>डिभिजन वन अधिकृत -सदस्य<br>सशस्त्र वन रक्षक गुल्म भएको जिल्ला भए सो को प्रमुख र सशस्त्र वन रक्षक कमान्डर गुल्म रहेको जिल्ला भए वन अधिकृत- सदस्य |
| २ | प्रमुख सुवेदार/सुवेदार/जमदार /हुद्दा/सिपाही | प्रमुख सुवेदार | डिभिजन वन अधिकृत अधिकृतले तोकेको वन अधिकृत | डिभिजन वन अधिकृत -अध्यक्ष<br>डिभिजन वन अधिकृत अधिकृतले तोकेको वन अधिकृत -सदस्य<br>प्रमुख सुवेदार -सदस्य |

(ख) सशस्त्र वन रक्षक तालिम केन्द्रमा कार्यरत सशस्त्र वन रक्षकको लागि

| क्र.स. | पद | सुपरिवेक्षक | पुनरावलोकन कर्ता | पुनरावलोकन समिति |
|---|---|---|---|---|
| १. | सेनानी | प्रमुख सेनानी | उपमहानिर्देशक, विभाग | सचिव वा निजले तोकेको मन्त्रालयको सहसचिव - अध्यक्ष<br>महानिर्देशक -सदस्य<br>प्रमुख सेनानी -सदस्य |
| २. | सहसेनानी | सेनानी | उपमहानिर्देशक, विभाग | सचिव वा निजले तोकेको मन्त्रालयको सहसचिव - अध्यक्ष<br>महानिर्देशक -सदस्य<br>प्रमुख सेनानी -सदस्य |
| ३ | उपसेनानी | सहसेनानी | उपमहानिर्देशक, विभाग | सचिव वा निजले तोकेको मन्त्रालयको सहसचिव - अध्यक्ष<br>महानिर्देशक -सदस्य |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-५

(नियम ३० को उपनियम (३) सँग सम्बन्धित)

**सुपरिवेक्षक, पुनरवलोकनकर्ता र पुनरावलोकन समिति**

| विभागमा कार्यरत सशस्त्र वन रक्षकको लागि सशस्त्र वन रक्षक क्र.सं. | पद | सुपरिवेक्षक | पुनरवलोकनकर्ता | पुनरावलोकन समिति |
|---|---|---|---|---|
| १ | सशस्त्र वन रक्षक सेनानी | सशस्त्र वन रक्षक प्रमुख सेनानी | महानिर्देशक, विभाग | सचिव वा निजले तोकेको मन्त्रालयको सहसचिव – अध्यक्ष<br>महानिर्देशक – सदस्य<br>प्रमुख सेनानी – सदस्य |
| २ | सहसेनानी | सेनानी | उपमहानिर्देशक, विभाग | सचिव वा निजले तोकेको मन्त्रालयको सहसचिव – अध्यक्ष |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| कार्यालय | कार्यालयः- | कार्यालयः- |
| दस्तखत | दस्तखतः- | दस्तखतः |
| | | (क) |
| मितिः- | मितिः- | (ख) |
| दर्जाः | दर्जाः- | (ग) |
| कार्यालयः- | कार्यालयः- | |
| मितिः- | मितिः- | |

## कार्यसम्पादन, वैयक्तिक गुण, चरित्र र क्षमताको मूल्याङ्कन फाराम भर्ने निर्देशिका

(१) सशस्त्र वन रक्षकको कार्यसम्पादन, वैयक्तिक गुण, चरित्र र क्षमताको आधारमा मूल्याङ्कन गर्ने उद्देश्यले अधिकृतस्तर सशस्त्र वन रक्षकको निमित्त भाग १ बमोजिम र सहायकस्तर सशस्त्र वन रक्षकको निमित्त भाग-२ बमोजिमको फारामहरू व्यवस्था गरिएका छन्।

(२) प्रत्येक सशस्त्र वन रक्षकको निमित्त सुपरिवेक्षक, पुनरवलोकनकर्ता र पुनरावलोकन समितिले तीन छुट्टाछुट्टै महलमा आ-आफ्नो अङ्क दिनु पर्नेछ।

(३) सशस्त्र वन रक्षकले प्रत्येक वर्ष कार्यसम्पादन तीन प्रति कार्य सम्पादन मूल्याङ्कन फाराम भरी श्रावण सात गतेभित्र सुपरिवेक्षक समक्ष पेस गरि सक्नु पर्नेछ। सुपरिवेक्षकले आफूले सुपरिवेक्षण गर्नु पर्ने सशस्त्र वन रक्षकको मूल्याङ्कन यस फाराममा उल्लेख भएका आधारमा ठिक रूपमा भरी सम्बन्धित पुनरवलोकनकर्ता समक्ष प्रत्येक वर्षको श्रावण मसान्तभित्र पठाउनु पर्नेछ।

(५) पुनरवलोकनकर्ताले भाद्र पन्ध्र गतेभित्र सोही आधारमा छुट्टै मूल्याङ्कन गरी सम्बन्धित पुनरावलोकन समिति समक्ष पठाउनु पर्नेछ।

(६) पुनरावलोकन समितिले आश्विन पन्ध्र गते मित्र सोही आधारमा छुट्टै मूल्याङ्कन गरी एक प्रति सम्बन्धित बढुवा समितिको सचिवालयमा र एक प्रति मन्त्रालयमा पठाई एक प्रति शिलबन्द गरी सुरक्षित साथ राखु पर्नेछ।

(७) एक अवधिभित्र एकभन्दा वढी सुपरिवेक्षक पुनरवलोकनकर्ता वा पुनरावलोकन समितिको अन्तर्गत रही काम गरेको सशस्त्र वन रक्षकको मूल्याङ्कन सो अवधिको अन्त्यमा उक्त सशस्त्र वन रक्षक जसको अन्तर्गत रही काम गरेको हुन्छ उसले पूरै अवधिको फाराम भर्नु पर्नेछ।

भाग -२

सहायक स्तरका सशस्त्र वन रक्षकको निमित्त

अवधि.......... मिति..........देखि..................सम्म

नाम थर..............सङ्केत नम्बर............. दर्जा..........कार्यालय...............

सुपरिवेक्षक समक्ष पेस गरेको मितिः

पुनरवलोकनकर्ता समक्ष पेस भएको मितिः

पुनरावलोकन समिति समक्ष पेस भएको मितिः

| क्र.सं. | व्यक्तिगत गुण, चरित्र, क्षमता र कार्यसम्पादन | सुपरिवेक्षकले भर्ने | पुनरावलोकन कर्ताले भर्ने | पुनरावलोकन समितिले भर्ने | कैफियत |
|---|---|---|---|---|---|
| | | प्रत्येक महलमा अधिकतम २.५० अङ्कको दरले | प्रत्येक महलमा अधिकतम १ अङ्कको दरले | प्रत्येक महलमा अधिकतम ०.५० अङ्को दरले | |
| १. | अनुशासन र सहयोगी भावना | | | | |
| २. | शारीरिक क्षमता, साहस र सहन शक्ति | | | | |
| ३. | उत्तरदायित्व वहन गर्न सक्ने क्षमता र निर्भरता | | | | |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ९. | योजना/कार्य संगठन क्षमता | | | | |
| १०. | व्यवसायिक सीप ज्ञानको प्रयोग | | | | |
| ११. | वैचारिक परिपक्वता | | | | |
| १२. | निर्देशन अनुसार काम गर्ने क्षमता | | | | |
| १३. | रेखदेख तथा नियन्त्रण गर्ने क्षमता | | | | |
| १४. | काम प्रतिको उत्साह र लगनशिलता | | | | |
| १५. | श्रृजनात्मक प्रतिभा | | | | |
| १६. | सहयोगी भावना | | | | |
| १७ | कार्यकुशलता | | | | |
| १८ | साहस | | | | |
| २० | अभिव्यक्ति क्षमता | | | | |
| २१ | सेवा प्रतिको निष्ठा | | | | |
| जम्मा कुल जम्मा | अङ्कमा | अक्षरमा .........) | | | |

(सुपरिवेक्षकको नामः

पुनरवलोकनकर्ताको नामः-

पुनरावलोकन समितिको पदाधिकारीको
नाम दर्जा

दस्तखत



सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

शसस्त्र वन रक्षकको नामः सङ्केत नं..

माथि उल्लेख भए बाहेक थपघट गर्नु पर्ने भए निजामती किताबखानाले गर्नेः

(१) ठेगाना परिवर्तनः

(२) इच्छाइएको व्यक्ति परिवर्तन भएमा सो को विवरणः

(३) अन्य कुनै विवरण थपघट भएमा सो को विवरणः

सम्बन्धित शसस्त्र वन रक्षकको दस्तखतः प्रमाणित गर्ने अधिकृतको

दस्तखतः

मितिः मितिः

सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## फाराम नं. ७

## वर्गीकृत क्षेत्रहरूमा काम गरेको विवरण

सशस्त्र वन रक्षकको नाम:                                        सङ्केत नं..

| क.सं. | अवधि | | पदस्थापन भएको स्थान वा क्षेत्र | काम गरेको स्थान वा क्षेत्र | यो चिन्ह (✓) दिइ काम गरेको क्षेत्रको वर्ग जनाउने | | | | सम्वन्धित कर्मचारी वा प्रमाणित गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | क वर्ग | ख वर्ग | ग वर्ग | घ वर्ग | | |
| १ | २ | ३ | ४ | ५ | १ | ३ | ३ | ४ | ६ | ७ |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |

सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

फाराम नं. ५

विभागीय सजायको विवरण

| शसस्त्र वन रक्षकको नामः | | | सङ्केत नं.. | | |
|---|---|---|---|---|---|
| क्र.सं.<br>१ | सजायको<br>प्रकार<br>२ | सजायको<br>आदेश मिति<br>३ | पुनरावेदनको | | कैफियत<br>६ |
| | | | ठहर<br>४ | मिति<br>५ | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

फाराम नं. ३

## शैक्षिक योग्यता, तालिम, सेमिनार सम्मेलन

(एस.एल.सी. वा सोभन्दा माथिको उच्चतम उपाधि सम्मको डिग्री, डिप्लोमा)

| शसस्त्र वन रक्षकको नामः | | | | | सङ्केत नं.. | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. १ | सर्टिफिकेट वा उपाधि २ | अध्ययनको विषय ३ | अध्ययन अवधि | | श्रेणी ६ | शिक्षण संस्थाको | | तालिम सेमिनार वा सम्मेलनको विवरण ९ | कैफियत १० |
| | | | देखि ४ | सम्म ५ | | नाम ७ | ठेगाना ८ | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |



सचिव

(बुढी औंलाको छाप)

कार्यालयको छापः

| दायाँ | बायाँ |
|---|---|
| | |

निजामती किताबखानाले प्रयोग गर्नेः

शसस्त्र वन रक्षकको

सङ्केत नं..

विभागीय प्रमुख वा अधिकारप्राप्त अधिकृतको दस्तखतः

कार्यालयको छापः

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-३

(नियम २० को उपनियम (१) संग सम्बन्धित)

**<u>सशस्त्र वन रक्षकको वैयक्तिक विवरण (सिटरोल) को ढाँचा</u>**

नेपाल सरकार

..............................मन्त्रालय (वन सम्बन्धी)

........विभाग/तालिम केन्द्र/कार्यालय

**फाराम नं. १**

कर्मचारीको तस्वीर
(दुवै कान देखिने)

१. सशस्त्र वन रक्षकको पूरा नाम र थरः-

२. स्थायी ठेगानाः

प्रदेशः

जिल्लाः

गाउँ नगर पालिकाः

वडा नम्बरः

गाउँ/टोल

ब्लक नम्बरः

३. अस्थायी ठेगानाः

प्रदेशः

जिल्लाः

गाउँ/नगर पालिकाः

वडा नम्बरः

गाउँ/टोल

ब्लक नम्बरः

४. घर भएको जिल्लाः

५. जन्म मितिः

९. हुलियाः

१०. विवाहित भए पति/पत्नीको नामः

श्री /श्रीमती

११. पति/पत्नीको पेसा

१२. छोराको संख्याः

१३. छोरीको संख्याः

१४. बाबुको नाम

१५. बाबुको पेसा

१६. बाजेको नामः

१७. आमाको नाम

१८. पेसा

१९. इच्छाइएको व्यक्तिको नाम, थरः

ठेगानाः

प्रदेशः

कृषि, वन तथा पर्यावरण मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

अनुसूची-२

(नियम १६ सँग सम्बन्धित)

## सशस्त्र वन रक्षक सेवाको विभिन्न पदमा खुल्ला प्रतियोगिताद्वारा पूर्तिको लागि चाहिने न्यूनतम योग्यता

(क) सशस्त्र वन रक्षक सहायक सेनानी

१. दरखास्त दिने अन्तिम मितिसम्म अठार वर्ष उमेर पूरा भई चौबिस वर्ष उमेर ननाघेका,

२. कम्तीमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरेको,

३. नेपाली नागरिक,

४. पुरुषको हकमा कम्तीमा पाँच फिट तीन इन्च र महिलाको हकमा कम्तीमा चार फिट दश इन्च उचाइ भएको,

५. पुरुषको हकमा कम्तीमा पचास के.जी. र महिलाको हकमा कम्तीमा चालिस के.जी. तौल भएको,

६. पुरुषको हकमा छाती नफुलाउँदा एकतिस इन्च र फुलाउँदा तेत्तिस इन्च भएको,

७. आँखा माइनस दुई वा प्लस दुईभन्दा बढी कमजोर नभएका,

८. स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र प्राप्त भएका,

९. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएका,

१०. राजनीतिमा नलागेका,

११. आतङ्ककारी सङ्गठनको सदस्य नभएका,

१२. भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नगरिएका।

तर,

खुल्ला प्रतियोगितामा भाग लिने सशस्त्र वन रक्षक सेवामा कार्यरत जुनियर अधिकृतस्तर वा सहायक स्तरका कर्मचारीको हकमा आधारभूत तालिम लिएको हुनु पर्नेछ।

(ङ) सशस्त्र वन रक्षक सिपाही

१. दरखास्त दिने अन्तिम मितिसम्म अठार वर्ष उमेर पूरा भई बाइस वर्ष उमेर ननाघेका,

२. कम्तीमा आठ कक्षा वा सो सरह उत्तीर्ण भएको,

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(३) उपनियम (२) बमोजिम रकम कट्टा गर्न सुरु गरेको बिस वर्ष अवधि नपुगी कुनै सशस्त्र वन रक्षक कर्मचारीको मृत्यु भएमा निजको परिवारले एक लाख रुपैयाँ पाउनेछ। कुनै सशस्त्र वन रक्षक कर्मचारी सेवाबाट अनिवार्य अवकाश भएमा देहाय बमोजिमको रकम प्रदान गरिनेछः-

(क) एक वर्षभन्दा कम अवधि रकम कट्टी गरिएको भएमा दश हजार रुपैयाँ,

(ख) एक वर्षदेखि पाँच वर्षसम्म रकम कट्टी गरिएको भएमा पच्चीस हजार रुपैयाँ

(ग) पाँच वर्षदेखि दश वर्षसम्म रकम कट्टी गरिएको भएमा पचास हजार रुपैयाँ,

(घ) दश वर्षदेखि पन्ध्र वर्षसम्म रकम कट्टी गरिएको भएमा पचहत्तर हजार रुपैयाँ,

(ङ) बिस वर्षसम्म रकम कट्टी गरिएको भएमा एक लाख रुपैयाँ।

तर निजले जम्मा गरेको रकम र सोको ब्याज, लाभांश रकम उल्लिखित रकमभन्दा बढी हुन आएमा सोही बराबरको रकम उक्त कोषबाट प्रदान गरिनेछ।

(४) कुनै सशस्त्र वन रक्षक कर्मचारीले उपदफा (२) बमोजिम रकम जम्मा गर्न शुरु गरेको बिस वर्ष नपुगी अनिवार्य अवकाश भएको अवस्थामा बाहेक अन्य जुनसुकै किसिमबाट सेवाबाट अलग भएमा त्यस्तो कर्मचारीलाई समर्पण मूल्य बराबरको रकम उपलब्ध गराइनेछ।

(५) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवाबाट अवकाश हुने सशस्त्र वन रक्षक कर्मचारीले सावधिक जीवन बिमा वापत जम्मा गरेको रकम बिस वर्ष वा सो भन्दा कम अवधिमा परिपक्व हुने गरी निरन्तरता दिन सक्नेछ।

तर सो बापत नेपाल सरकारले कुनै थप रकम बेहोर्ने छैन।

(६) बेतलबी अध्ययन बिदा, विशेष बिरामी बिदा र बेतलबी प्रसूति बिदा लिएको अवस्थामा बिमा वापतको प्रिमियम रकम जम्मा गरेमा मात्र त्यस्ता कर्मचारीको लागि नेपाल सरकारले सो अवधिको रकम थप गरी कोषमा जम्मा गरि दिनेछ।

(७) उपनियम (१) बमोजिम योकिएको कम्पनी वा संस्थाले बिमा कोषमा जम्मा भएको प्रत्येक वर्षको विवरण सम्बन्धित सशस्त्र वन रक्षकलाई उपलब्ध गराउनु पर्नेछ।

(८) सावधिक जीवन बिमा कोष सञ्चालन र व्यवस्थापनका लागि नेपाल सरकारले आवश्यक निर्देशिका जारी गरी लागु गर्न सक्नेछ।

१२५. <u>सञ्चयकोष र बिमा बाहेक अन्य कुनै सुविधा नपाउनेः</u> (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नियम १०८ को उपनियम (२) बमोजिम सेवाबाट बर्खास्त भएको सशस्त्र वन रक्षक कर्मचारीले नियम १२४ बमोजिमको बिमा र नियम ४८ बमोजिमको कर्मचारी सञ्चय कोषको रकम बाहेक यस नियमावली बमोजिमको कुनै पनि सुविधा पाउने छैन।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नियम १०१ को उपनियम (२) बमोजिमको विवरण वा अन्य कुनै स्रोतबाट कुनै प्रहरी कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेको देखिएमा स्थायी आवासीय अनुमति लिएको त्यस्तो पति वा पत्नीले नियम १२४ बमोजिमको बिमा र नियम ४८ बमोजिमको कर्मचारी सञ्चय कोषको रकम बाहेक यस नियमावली बमोजिमको अन्य कुनै पनि सुविधा पाउने छैन।

तर नियम १०८ को उपनियम (१) को खण्ड (छ) बमोजिमको कसुरमा सजाय गर्दा उक्त बमोजिम पैतालिस दिन पूरा भएको भोलीपल्टदेखि र सोही नियमको उपनियम (२) को खण्ड (क) र (ख) बमोजिमको कसुरमा सजाय गर्दा अदालतबाट कसुर ठहर भएको मितिदेखि लागु हुने गरी निर्णय गर्न सकिनेछ।

(४) कुनै पनि सशस्त्र वन रक्षकको सम्बन्धमा उपनियम (१) बमोजिम भएको विभागीय सजायको आदेशको एक प्रति नक्कल सजायको आदेश दिन पाउने अधिकारीले सम्बन्धित सशस्त्र वन रक्षकलाई बिना दस्तुर दिनु पर्नेछ।

११८. <u>पुनरावेदनको कार्यविधि:</u> (१) यस परिच्छेद बमोजिम सशस्त्र वन रक्षकलाई दिइएको सजायको आदेश उपर चित्त नबुझ्ने सशस्त्र वन रक्षकले प्रशासकीय अदालत समक्ष पुनरावेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम पुनरावेदन दिँदा देहाय बमोजिमको कार्यविधि अपनाउनु पर्नेछः-

(क) पुनरावेदन गर्ने सशस्त्र वन रक्षकले आफ्नै नामबाट पुनरावेदन दिनु पर्ने र त्यस्तो पुनरावेदन उचित र आदरसूचक भाषामा लेखिएको हुनुपर्ने,

(ख) पुनरावेदन गर्ने सशस्त्र वन रक्षकले पुनरावेदनसाथ आफ्नो सफाइको निमित्त जो भएको सबुद प्रमाण संलग्न राख्नुको साथै जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल समेत संलग्न गर्नुपर्ने,

(ग) पुनरावेदन दिँदा पुनरावेदन सुन्ने अधिकारीलाई सम्बोधन गरी निजको कार्यालयमा पुनरावेदन दर्ता गराउनु पर्ने,

(घ) सजायको आदेश पाएको मितिले पैंतिस दिनभित्र पुनरावेदन दिनुपर्ने,

(ङ) खण्ड (ग) बगोजिग प्राप्त हुन आएको पुनरावेदन सम्बन्धित कार्यालयले दर्ता गरी सोको निस्सा सम्बन्धित व्यक्तिलाई दिनुपर्ने।

## परिच्छेद-११

## <u>विविध</u>

११९. <u>पोसाक, दर्ज्यानी चिन्ह तथा अन्य सामान:</u> (१) नेपाली सेना वा अन्य सुरक्षा निकायसँग भिन्न हुने गरी कामको प्रकृति अनुसार पोसाकको रङ, दर्ज्यानी चिन्ह र अन्य विवरण विभागले निर्धारण गरे बमोजिम हुनेछ। सशस्त्र वन रक्षक सेवामा रहने पदहरूको दर्ज्यानी चिन्ह अनुसूची-१० मा उल्लेख भएबमोजिम हुनेछ।

(२) सशस्त्र वन रक्षकलाई दर्जा अनुसार अनुसूची-११ मा उल्लेख भए बमोजिम पोसाक (जाडो र गर्मी मौसम अनुसार) र अन्य सामानहरू उपलब्ध गराइनेछ।

१२०. <u>हातहतियार तथा गोलीगठ्ठा सम्बन्धी व्यवस्थापन:</u> (१) सशस्त्र वन रक्षकका लागि आवश्यक हातहतियार, गोलीगठ्ठा तथा सोसँग सम्बन्धित अन्य आवश्यक सामग्री राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा नेपाल सरकारले नेपाली सेना मार्फत उपलब्ध गराउनेछ।

(६) विभागीय सजायको आदेश दिन पाउने अधिकारीले कुनै सशस्त्र वन रक्षकसँग सफाइ माग गर्नुभन्दा अगावै स्वयं वा कुनै अन्य अधिकृतद्वारा विभागीय जाँचबुझ गराई निजको राय ठहर सहितको प्रतिवेदन लिन सक्नेछ।

१११. **निलम्बनको समाप्तिः** कुनै सशस्त्र वन रक्षक आफनो पदमा पुनः स्थापित भएमा वा नियम १०८ बमोजिम सेवाबाट हटाईएमा वा वर्खास्त गरिएमा वा नियम ११० को उपनियम (३) बमोजिमको निलम्बनको अवधि पूरा भएमा वा उपनियम (४) बमोजिम भएको थुनाबाट मुक्त भएमा निजको निलम्बन समाप्त हुनेछ।

११२. **सफाइ पेस गर्ने मौका दिनुपर्नेः** (१) विभागीय सजाय दिन पाउने अधिकारीले कुनै सशस्त्र वन रक्षकलाई सजाय दिने आदेश दिनुभन्दा अघि कारवाही गर्न लागिएको कारण उल्लेख गरी सो सशस्त्र वन रक्षकलाई उचित म्याद दिई आफनो सफाइ पेस गर्ने मौका दिनु पर्नेछ। यसरी मौका दिंदा निज माथि लगाइएको आरोप स्पष्ट रूपले किटिएको र प्रत्येक आरोप कुन कुन कुरा र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ। त्यस्तोमा सम्बन्धित सशस्त्र वन रक्षकले पनि म्यादभित्र आफ्नो सफाइ पेस गर्नु पर्नेछ। यसरी पेस हुन आएको सफाइलाई सम्बन्धित अधिकारीले गम्भिरतापूर्वक मनन् गर्नु पर्नेछ।

(२) विभागीय सजायको आदेश दिन पाउने अधिकारीले आवश्यक ठानेमा स्वयं वा कुनै अन्य अधिकृतद्वारा जाँचबुझ गराई निजको राय ठहर सहितको प्रतिवेदन लिन सक्नेछ।

११३. **जाँचबुझ गर्ने अधिकृतले अपनाउनु पर्ने कार्यविधिः** (१) जाँचबुझ गर्ने अधिकृतलाई देहायको कार्यविधि अपनाई विभागीय जाँचबुझको कारबाही चलाउने अधिकार हुनेछः-

(क) बयान गराउने, लिखित प्रमाणहरू दाखिला गर्न लगाउने र साक्षीको नाउँमा समाव्हान जारी गराउने आदि विषयमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्ने,

(ख) अभियोग लागेको सशस्त्र वन रक्षकको रोहवरमा सबूद प्रमाण बुझ्ने,

(ग) अभियोग लागेको सशस्त्र वन रक्षकलाई साक्षीसँग जिरह गर्न र अभियोग विरुद्ध सबूद प्रमाण दाखिला गर्ने मौका दिने।

(२) उपनियम (१) बमोजिमको जाँचबुझको काम सकिए पछि आदेश दिन पाउने अधिकारी समक्ष जाँचबुझ अधिकृतले प्रतिवेदन पेस गर्नु पर्नेछ। निजले त्यस्तो प्रतिवेदनमा सजाय सम्बन्धी कारण सहितको आफ्नो ठहरको साथै जो भएको सबुद प्रमाण पनि दाखिला गर्नु पर्नेछ।

११४. **विभागीय जाँचबुझ गराउनु नपर्नेः** देहायको अवस्थामा सजायको आदेश दिन पाउने अधिकारीले कुनै सशस्त्र वन रक्षकलाई देहायको विभागीय सजाय गर्ने सम्बन्धमा विभागीय जाँचबुझ गराई रहनु पर्ने छैनः-

(क) ऐनको दफा ४७ (१) को खण्ड (क) बमोजिमको सामान्य सजाय गर्नु परेमा,

नेपाल सरकार
भूमि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| (४) वृक्ष सुधार तथा भूपरिधि कार्यालयमा कार्यरत अधिकृतस्तरका सशस्त्र वन रक्षक | कार्यालय प्रमुख | महानिर्देशक |
| (५) सशस्त्र वन रक्षक तालिम केन्द्रमा कार्यरत सहायकस्तरका सशस्त्र वन रक्षक | तालिम प्रमुख | दुई तलब वृद्धि रोक्का वा बढीमा दुई वर्षसम्म बढुवा रोक्का गर्ने प्रमुख सेनानी र सोभन्दा बढी अवधिको हकमा महानिर्देशक |
| (६) सशस्त्र वन रक्षक तालिम केन्द्रमा कार्यरत तालिम प्रमुख बाहेक अन्य अधिकृतस्तरका सशस्त्र वन रक्षक | तालिम प्रमुख | महानिर्देशक |
| (७) सशस्त्र वन रक्षक तालिम केन्द्रका तालिम प्रमुख | महानिर्देशक | महानिर्देशक |
| (८) सशस्त्र वन रक्षक गुल्ममा कार्यरत सहायकस्तरका सशस्त्र वन रक्षक | सशस्त्र वन रक्षक गुल्म प्रमुख | दुई तलब वृद्धि रोक्का वा बढीमा दुई वर्षसम्म बढुवा रोक्का गर्ने प्रमुख सेनानी र सोभन्दा बढी अवधिको हकमा महानिर्देशक |
| (९) सशस्त्र वन रक्षक गुल्ममा कार्यरत अधिकृतस्तरका सशस्त्र वन रक्षक | प्रमुख सेनानी | महानिर्देशक |
| (१०) विभागमा कार्यरत सहायकस्तरका सशस्त्र वन रक्षक | सशस्त्र वन रक्षक प्रमुख सेनानी | महानिर्देशक |
| (११) विभागमा कार्यरत सशस्त्र वन रक्षक प्रमुख बाहेकका | सशस्त्र वन रक्षक प्रमुख सेनानी | महानिर्देशक |



सचिव